

कथा संग्रह

# भुतसित एक रात

- ध्रुव थापा

# भूतसित एक रात

❖ (नेपाली कथाहरुको संगालो)



❖ ध्रुव थापा

# आफ्नो भनाई

मलाई थाहा छैन साहित्य के को लागि सिर्जना गरिन्छ ? हो म किन लेख्छु त्यति भने थाहा छ । त्यो हो मेरो मनको अभिव्यक्तिहरु। जुन म आफ्नो परिवेस समय र कालान्तरमा देखेको वा भोगेको हुन्छु त्यसैलाई लेख्ने गर्छु। त्यसैले अंग्रेजी र नेपाली बाहेक हिन्दि र बंगला भाषामा समेत लेखेको छु। समय , संगत र परिवेशको कारणले गर्दानै हो मलाई अन्य भाषामा समेत लेख्न प्रेरित गरेको। अहिले भने नेपाली र अंग्रेजीमा मात्र लेख्न रुचाउछु।

म भित्र रहेको मनको  आरोह-अवरोह, आवेग-संवेग, आग्रह-पूर्वाग्रह, देस काल र परिस्थिति आदिलाई व्यक्त गर्ननै म लेख्ने गर्छु । त्यसैले यस कथा संग्रहमा मेरो स्कुले जीवन देखि बिश्वबिद्यालयको अध्यन कालसम्ममा  मेरो मनमा उब्जिएका भावनाहरुनै अभिव्यक्त गरेको छु, मलाई लाग्छ मेरा कथाहरु साहित्यिक हिसाबले कथा नहुन पनि सक्छ किनभने कुनै पनि कथाले एउटा परम्परागत दर्शनलाई बोकेको हुनुपर्छ भन्ने कुनै अकाट्य नियम नभए पनि सामान्य दैनिक व्यवहारको अभिव्यक्ति भने हुनैपर्छ जस्तो लाग्छ र त्यहि कुरा र धटना क्रम यस कथा संग्रहमा पाउनु हुनेछ ।

अहिले आएर लगभग तीन दसक पछि मैले लेखेका यी कथाहरु मलाइनै नौलो लाग्छ किनकि कथाले पाठकको हृदयलाई कथामा व्यक्त गरेको त्यस समय र घटनाक्रमलाई  डोराएको हुन्छ र अहिले आएर ति कथाहरु पड्दा कालान्तरमा धेरै परिवर्तन आइ सकेको हुनाले अनौठो लाग्न सक्छ। यदि यस कथा संग्रहले पाठक लाई त्यस समय र घटना क्रममा पुर्याउन अलिकति पनि सक्षम भयो भने मेरो यो कथा संग्रह प्रकासन गर्नुको उद्देश्य पूरा भएको ठान्ने छु ।

यो मेरो पहिलो कथा संग्रह हो र चाडै दोश्रो संग्रह समेत लेखि रहेको हुनाले चाडै प्रकासन गर्ने सोचमा छु, जुन कथाहरु यस कथा संग्रह भन्दा बेग्लै हुनेछन । यस सग्रहमा मेरा लगभग दुई दसक अघि लेखिएका १६  वटा छोटा छरिता कथाहरु  संग्रहित छन् । यस पुस्तकमा मैले बिद्यार्थी कालमा देखेका र भोगेका घटनावलीलाई शब्दहरुका माध्यमद्वारा जिवन्त दिन खोजेको छु।यो कस्तो लाग्छ यसको लेखाजोखा नें जिम्मा नितान्त पाठक, समालोचक र साहित्यको बिद्यार्थीलाई छोडेको छु। साथैयस पुस्तकमा अभिव्यक्त गरिएका सम्पूर्ण कथाहरु काल्पनिक हुन् जुन कसैको जीवनसँग मेल खान गए संयोग मात्र हुनेछ।

## लेखकको बारेमा



नाम: ध्रुव थापा, जन्म मिति जेस्ठ १५ गते,
हाल : २००२ देखि अमेरिकाको सन् फ्रान्सिस्कोमा रेस्टुरेन्ट व्यवसाय ,स्वतन्त्र पत्रकारिता, ब्लॉगर, साहित्य सेवा लगायत केहि अन्य सामाजिक तथा साहित्यिक कार्यमामा संलग्नता ।
शिक्षा: स्नातकोत्तर (एम ए)
नेपालको इटहरी स्थित त्रिभुवन बिश्वबिधालय अन्तर्गतको कलेजमा सात बर्ष सम्म अंग्रेजीको प्राध्यापन, इटहरीमै मोडर्न प्रिपटोरी बोर्डिंग स्कुलको संचालन ,विभिन्न सामाजिक संघ संस्थामा आबद्ध, नेपालमा चाइल्ड नेपाल संथाको संथापक अध्यक्ष ,क्यालिफोर्नियामा अन्तरास्ट्रिय नेपाली साहित्य समाजको प्रथम अध्यक्ष, लायन्स क्लब अफ बर्क्ली अन्नपुर्णा को भूतपूर्व अध्यक्ष र नेपाल विश्व सहयोग संघको उपाध्यक्ष , विश्व नेपाली साहित्य महासंघ अमेरिकाका महासचिव, साथै अमेरिका तथा बे एरिया नेपाली संघ सस्थाहरुमा संलग्नता ।

Blog: www.dhruvascreations.com

**(भूतसित एक रात)**
Copyright © 2014 by (Dhruva Thapa)

All rights reserved. No part of this book may be reproduced or transmitted in any form or by any means without written permission from the author.

ISBN (XXXXXXXXXXXXX)

Printed in USA by DSP Publication.

❖

# समर्पण

❖

"**जिन्दगीका** उकाली ओरालीहरुमा सधै शिर उच्च राखेर आफुमा भएको ज्ञान र क्षमता अनुसार जिउन सिकाउने, हरेक सुख दुखमा संयम र सचेत भएर अघि बढ्न प्रेरणा दिनुहुने मेरा जन्मदाता उही परम् पुज्य बुबा र आमा मा समर्प्रित"…….

# विषय शुचि

1. समर्पण ......................................................3

2. लेखकको परिचय ................................................... 5

3. डलरले कमाएको स्टाटस् ....................................3

4. आखिर त्यहाँ के भएको थियो त्यस रात ?......15

5. अज्ञानता कस्तो भयानक हुन्छ..............................17

6. भूतसित एक रात..................................................21

7. अधुरो प्रेम...........................................................27

8. डायरीमा अल्झिएको जिन्दगी.................................31

9. वास्तविकता.........................................................35

10. भडकिएको आत्मा..............................................38

11. क्याम्पस लाइफ...................................................42

12. न्याहुल आज पनि रोई हिड्छ..............................47

13. दुइ फूल एक भूल...............................................50

14. मुक सम्झौता.......................................................56

15. जिन्दगी एक अभिलाषा.......................................61

16. शायद - यसैलाई जिवन भनिन्छ...............................66

17. जीवन परिक्रमा.........................................................69

18. साहित्य प्रेम...............................................................73

# ❖ डलरले कमाएको स्टाटस्

“साथी म त बरबाद भए”, अचानाक सेल फोन उठाउन भ्याएको थिईन उताबाट आवाज आयो, मैले सोधे, “हैन के भो एति विहानै ? तिमी कसरी वरवाद भयो मित्र, हिज मात्र हामी फोनमा कुरा गरेको हैन तिमी त धेरै खुशी थियौ त, एति धेरै वर्षपछि सपरिवार भएकाछौ भरखरै परिवार नेपालबाट आएको, के भयो मित्र ? भनन्” । साथी फोनमा भक्कानिदै भन्न थाल्छ, “हैन मित्र तिमी एकक्षण मेरोमा आउन म त केहि सोच्नै सकिन , यहि आएर तिमीलाई सबै कुरा सुनाउछु” उस्ले फोन राखिदियो । मैले केहि बोल्नै पाएको थिईन फोनको लाईन कट । मनभित्र थुप्रै प्रश्नहरु आउन थाले , आखिर के भयो त उस्लाई? हतार हतार नुहाएर गाडी निकालेर सोझै उस्को डेरातिरलागे ।




यो अमेरिकामा खै के के हुन्छ हुन्छ? थाहै पाउन गाह्रो । मनमा चस्स चिसो पस्यो कतै स्टोरमा काम गर्दा गोली त चलेन? कतै उ घाईते त भएन? हिज आज निक्कै यस्ता घटनाहरु सुनिन थालेकाछन् धेरै नेपालीहरुले विनाकारणै ज्यान समेत गुमाएकाछन्, हैन, हैन सायद अरुनै केहि कारण हुन सक्छ, जे होस आखिर उतै जादैछु थाहा भईहाल्छनी । उ बसेको सहर मेरोबाट करिव एक घन्टाको दुरीमा छ त्यहि पनि यो अमेरिकाको सडकमा दुरत गतिमा गाडी चलाउदा, नेपालमा हो भने करिव चार घन्टा लाग्न सक्छ, त्यति दुरीलाई तय गर्न, यहित विशेषता छ अमेरिकाको हरेक सहरलाई सडकले जोडेको छ र त्योपनि दुरत गतिका हाईवेले जहाँ प्रति घन्टा सत्तरी माईलको गतिले गाडी चलाउन पाईन्छ भने सडकमा नेपालमा जस्तो गाई बाख्रा र मानिस रिक्सा दौडदैन । त्यही माथी जि पि एसको माध्यमले एक स्थान देखि कहिले नपुगेको स्थानमा जान समेत कसैको सहयोग लिन नपर्ने जिपिएसमा गन्तव्य स्थानको ठेगाना सेट गर्यो र गाडी दौडायो हावाको गतिमा । म पनि

उस्को नया डेराका ठेगाना मिलाएर उस्लाई भेटन भनी गाडी लिएर निस्किए । आज आईताबार भएकोले म विदामै थिए र घरमा त्यति काम पनि थिएन मेरो श्रीमतिपनि घरमा थिइन उ   छोराको कराटे क्लासमा गएकि थिई र फोनमा उस्लाई साथीको मा जादैछु  खै के इमेरजेन्सी पर्यो रे बोलाएको छ भनेर  घरबाट निस्किए । म बाटो भरि के के सोच्दै उ बस्ने नजिकको सहरतिर  लागे ।

आहाँ कस्तो राम्रो दिन रहेछ, यो क्यालिफोर्नियाको विशेषता भनेकै यहाँको मौषम हो झन हामी बसेको यो बर्कले त वास्तवमै स्वर्ग छ न कहिले गरम हुन्छ न मुटु कमाउने जाडो । अन्य राज्यमा वस्ने साथीहरु गरममा उखर माउलो गरम भएको र जाडोमा हिउपरेर घरबाटै निस्कन नसकेको जानकारी गराउछन् तर आफुभने सदावहार मौसममा रमेर बसेका छौ । त्यहि माथि कहिले काहि अलिक गर्मि भएमा मरिनाको चिसो हाँवा खान त कहिले बर्कले हिलको नागबेली जस्तै गोरेटोमा गाडी दौडाउदै गल्फ कोर्स सम्म जानको मज्जा मलाई कहिलेपनि बोस्टनमा बस्दा होस वा रोड आईलयाण्डमा बस्दानै लाग्यो । यहिको मनोरम वातावरणमा मेरी श्रीमति मार्च अप्रिल लागेपछि बर्कले हिलमा लटरम्म फुलेको लाली गुराँस छोरालाई देखाउदै भन्छे, हेर त बाबु त्यही हो हाम्रो नेपालको राष्ट्रिय फुल, छोरापनि मक्ख परेर भन्छ तर मैले त नेपालमा कहिलेपनि देखिन त यो फुल फुलेको ? उस्का बालशुलभ प्रश्नको जवाव दिदै भन्छे हैन हामी नेपालको तराईमा वस्छौ र यो हिमाली वा पहाडी क्षेत्रमा फुलने भएकोले न देखेको हो , तर यस पाला नेपाल जादा तिमीलाई देखाउला है , उ पनि मक्ख पर्दै भन्छ हामी नेपाल कहिले जाने?

मेरो आठ बर्षे छोरोलाई नेपालको बारेमा जत्ति कुरा स ुनाएपनि सधै एउटै प्रश्न गरि रहन्छ, मम्मी नेपाल त्यति शुन्दर छ भने हामी यहाँ किन बसेको त? यस प्रश्नको जावाफ न मैले आज सम्म दिन सकेको छु न त मेरी श्रीमतिले नै तरैपनि हामी घरमा उस्लाई नेपालकै संस्कार र शिक्षा दिन रुचाउछौ र भन्नु पर्दा उ यहाँ नर्सरी देखिनै पडदै आएको भएपनि नेपाली भाषा उस्ले विर्शिएको छैन र एउटा नेपालीको बच्चाले जस्तै बोल्न सक्छ, यहिमा हामी सन्तुष्ट छौ ।  तर यहाँ रहेका धेरै

अभिभावकहरु आफनो बच्चासित घरमापनि नेपाली नबोलेको देख्दा दिक्क लाग्छ र वहाँहरु आफनो सन्तानले नेपाली भन्दा अंग्रेजीमात्र बोलेकोमा दंग पर्छन् र भन्ने गर्छन् हेर्नोस न हाम्रो बाबु त अमेरिका आएको दुई बर्ष भएको छैन नेपाली त बोल्नै छाडयो, कस्तो राम्रो अंग्रेजी बोल्छ, हुनपनि यहि बस्ने हो नेपाली बोलेर के पो हुन्छ र बरु उस्को अंग्रेजी बोल्ने लवजमा नेपाली प्रभाव परेर यहाँकाहरुले जस्तो बोल्न सक्दैनन् त्यसैले हामी त आफनो छोरा छोरीलाई यहिको रहन सहन र भाषा अनुशार हिडन सिकाउछौ ।

एक दिनको कुराहो म मेरो एक जना मित्रको छोरोको जन्मदिनको पार्टीमा गएको थिए, त्यहाँ थुप्रै नेपाली बच्चाहरु आएका थिए तर कोहिपनि नेपाली बोल्न न जान्ने , मैले धेरै बच्चाहरुलाई नेपालीमा बोल्न खोजे सबै मलाई त कुन ग्रहबाट आए जस्तो गरि हेरे ति बच्चाहरुले । तर त्यही छिमेकमा मेरो एक जना अमेरिकी साथीको परिवार पनि बस्ने गर्छन उस्लाई फोन गरेर सोधे के उ घरैमा छ भनेर? उस्लेपनि म आएको थाहाँ पाउना साथ मलाईपनि छोरालाई लिएर आउन आग्रह गर्यो, मेरो छोरो उस्को छोरोसित खेल्न निक्कै रुचाउछ, किनभने ति अमेरिकि दम्पतीले नेपालबाट बच्चालाई धर्मपुत्र बनाएर ल्याएको छ र हरेक बर्ष गर्मी विदामा नेपाल लै जाने गर्छ त्यस बच्चालाई, साथै मेरो छोराकै स्कुलमा पडने भएकोले होला निक्कै मिल्छन दुईजना, साथै उनिहरु नेपालीमा बोल्न पाउछन् र नेपालको बारेमा जानकारी दिने धेरै सामग्रीहरु उस्को छोराको कोठामा सजाएर राखेको छ, उ जहिलेपनि मलाई भेटने साथ खै यस्लाई नेपाली पडाउनुपर्ने यहाँ त्यस्तो केहि व्यवस्थागर्न सके राम्रो हुनेथ्यो भनि रहन्छन । उनिहरु नेपालमा पिसकोरमा धेरै बर्ष बिताएको र नेपाल भनेपछि मरिहत्ते गर्छन् र जहिलेपनि भन्छ हामीलाई एउटै चिन्ता छ कि हाम्रो यस छोराले नेपाल र नेपाली भाषा कहिले नभुलोस जे भएपनि उ त नेपाली हो नि । तर मलाई दुख लागेर आउछ जब हाम्रै नेपालीहरु आफनो सन्तानले नेपाली बोल्न जान्दैन त भनेर गर्व महशुस गरेकोमा ।

अचानाक मेरो अघि दौडिरहेका गाडीको गति कम भयो र मेरो ध्यानपनि भंग भयो, एसो हेरेको बाटोमा मोटर साईकल र एउटा कार

ठोक्किएछ , एकै क्षणमा हवाई पुलिस र एम्वुलेन्स आएर बाटो क्लियर बनाउन थाल्यो । लगभग दस मिनटपछिको रुकावटपछि फेरि गाडीहरु आफनै गतिमा दौडन थाल्यो, म मन मनै सोच्न थाले हेर यहाँ यस्तो दुर्घटना हुदा समेत केहि बेरमै बाटो खाली हुन्छ नेपालमा भए दिन भरि चक्का जाम हुने थियो ।

फेरि गाडीहरु आफनै गतिमा दौडन थाल्छ र यो मनपनि आफनै गतिमा फेरि त्यही साथीको बारेमा सोच्न थाल्छु, के भयो होला उस्लाई फोनमा कुरै गर्न चाहेन, यसरी कहिलेपनि मलाई यसरी अचानाक बोलाउदैन थियोरु? जे होस म उतै जादै छु थाहा भईनै हाल्छ नि, मलाई लाग्छ सायद आठ बर्ष भयो होला मैले उस्लाइ चिनेको े , नेपाल बाट भर्खर भर्खर आएको थियो, पुर्वी नेपालको एउटा सानो गाँउको हो भन्थ्यो , सायद धरान देखि भित्र चतरा जाने बाटो भएर जान पर्छ भन्थ्यो, अहिले मलाई थाहाँ भएन उ त्यहाँ कुन गाउको हो भनेर तर उस्ले भने अवस्यपनि मलाई आफनो गाउको बारेमा स ुनाएको थियो । उ एक दिन उ काम खोज्दै मकहाँ आएको थियो र मैले एकजना चिनेको मित्रकोमा काम लगाइदिएको थिए । आज सम्म त्यही स्टोरमा काम गरिरहेकोछ । यहाँको दैनिकीमा दिन रात हैन तर बर्ष वितेकै थाहा हुदैन आज आठ वर्ष वितेछ । एतिका बर्षमा उस्ले सधै आफनो श्रीमति र सात बर्षको छोरीको कुरा मात्र गर्ने । उ साह्रै साझो, इमान्दार कहिले मौज मस्ति र अमेरिकाको हावा नलागेको मान्छे, । महिना मर्न भ्याएको छैन सबै डलर नेपाल पठाई हाल्ने । कहिले गाडी समेत किनेन, जहिलेपनि सार्वजनिक यातायातमै हिडने हुनाले उ त्यति केतै जादैनथ्यो । जहिलेपनि नेपालको बारेमै सोचि रहने, कहिले नेपालको बदलदो राजनैतिक परिश्थिति त कहिले नेपालमै शान्ति हुने भएत यहाँ विदेशमा के को यस्तो दुख गरेर बस्नु भनेर भन्थ्यो, तर उ बाध्य थियो, साधारण परिवारको छोरो सायद निक्कै कर्जा टाउकोमा उठाएर विदेश आएको हुनुपर्छ, उ भन्ने गथ्र्यो मलाई त विदेश आउनै मन थिएन के गर्ने श्रीमतिले जहिलेपनि साथी भाई, इस्ट मित्रले गरेको प्रगति देखाएर के जिवन भर हामी दुखैमा जिन्दगी विताउनु भन्ने गरेकै कारणले आज उ विदेश आएको भन्थ्यो । एता आएपछि उस्ले

श्रीमति र छोरीलाई पनि गाँउबाट काठमाडौ झिकाएको थियो, भनौ उनिहरुनै गाँउमा वस्न नमानेकोले काठमाडौ डेरा लिएर बस्न थालेका थिए ।

उ सधै परिवारकै बारेमा चिन्तीत रहन्थ्यो र उनीहरुकै भविष्यको लागी भनेर दिन रात मेहनत गर्थ्यो । कहिले छोरीको स्कुलको बारेमा त कहिले श्रीमतिको बारेमा मलाई सुनाउने । छोरी नेपालकै वेस्ट बोर्डिंगमा हालेको छु, यहाँ मैले जे गरेपनि सबै तिनीहरुकै लागी त हो, यस्तै गन्थन जहिलेपनि सुनेउने मलाई फोनमा । उस्लाई कहिले यहाँ मनोरन्जन गरेको वा त्यस्ता गतिविधीमा सरिक भएको आज सम्म मैले देखेको छुईन, यहाँ सम्मकि उ यहाँ हुने नेपालीहरुको कार्यक्रमहरुमा समेत देखिदैन थियो , सधै घर परिवार छोरीको भविष्यको चिन्ता हुन्थ्यो उस्लाई । दिनमा कहिले काहि अठारह घण्टा सम्म कामगरेको जानकारी दिन्थ्यो मलाई ।

म गाडि जसरी आफनो गतिमा चलाई रहेको थिए त्यो भन्दा पनि दुरत गतिमा मेरा दिमागहरु एस्कै बारेमा सोच्न वाध्य भईरहेथ्यो , एकदिन फोन गरेर भन्दै थियो, "हेरन कस्तो मुस्किलले पेपर बनाएर परिवार झिकाउन लागेको आमा छोरीनै आउदिन भन्छन्, सम्झाई दिनुन", मैले भने, "हैन यो परिवारिक मामला हो सम्झाए मानीहाल्छननी, मानिसहरु अमेरिका भनेपछि नेपालमा घर खेत सबै बेचेर हिडछन, त्यसै पेपर बानाईदिन्छु, भिषा मिलाईदिन्छु भनेर पन्द्र बीस लाख खाईदिन्छन्, किन के भयोर अमेरिका नआउने?", "खै े कहिले कहिले के कहिले के बहाना लाउछे छोरीपनि एस एल सी दिएर मात्र आउने भन्छे " े । एकदिन फेरि फोनमा सुनाउदै थिया, "हैन नेपाल कस्तो महंगो भयो यार, महिनामा एक लाखले घर चल्दैन भन्छे , छोरीपनि स्कुलमा साथीहरुको बर्थ डे र पार्टिमा जानुपर्छ खाली हात गएर भएन डैडी अमेरिकामा वस्ने मचाही जाबो चार पाच हजारको उपहार दिनु साथीलाई भन्दै गुनासो गर्दै भन्छे , डलर अलिक धैरै मेरै नाममा पठाउनुपर्यो हजुरलाई के मेरा साथीहरुको सामु लज्जित भएको मन पर्छ ? मत छक्क पर्छु त्यस्ती फुच्चि नेपालमा छोडेर आएको अहिले अमेरिकामा बस्ने बाबुले छोरीको पकेट मनी पुर्याउन हम्मे" । यस्तै यस्तै उस्का परिवार सित भएका फोनका वार्तालापहरु मलाई स ुनाउने गर्छ उ । मलाईपनि लाग्न थाल्यो सायद अमेरिकामा बस्ने

श्रीमान र डैडीको स्टाटस मेन्टेन गर्दा गर्दै देखा सेकीमै काठमाडौको आधुनिकताले गाजेछ उस्को परिवारलाई, । उभने यहा लिभींगमा साहुकैमा कामगर्दै त्यही स्टोरमाथिको एउटा कोठामा सात बर्ष वितायो, हालै मात्र नया एपार्टमेन्टमा सरेको थियो त्यहीपनि परिवार आउदै छ भनेर । तर जेहोस उस्ले परिवारलाई सम्झाउन सकेछ र गत महिनामात्र परिवार आइपुग्यो भनेर मलाई सुनाएको थियो मलाई एयर पोर्ट लिन जान अनुरोध गरेको थियो तर म आफनो कामको शिलशिलामा बाहिर गएको हुनाले उस्लाई सहयोग गर्न सकिन, पछि थाहाँ भयो उस्कै शाहुको छोरोले परिवारलाई एयर पोर्टदेखि ल्याउन मदद गर्यो रे ।

उस्को परिवार आईसकेको थाहाँपाए पछि एकदिन फोन गरेर भेनको थिए "ल एकदिन भाउजुलाई लिएर म कहाँ खाना खान आउने, मैले बधाई दिदै भनेको थिए ।" उस्कै बारेमा सोच्दा सोच्दै म उ बस्ने डेरा नजिकै पुगेछु, अचानाक रातो बत्तीमा आफुभन्दा अघि दौडिरहेको गाडी रोकिएपछि मपनि हत्तन पत्त गाडीको ब्रेक हान्न पुग्छु, तर भाग्य राम्रो मेरो अगाडि भएको गाडीकै कारणले रोक्न सफल भए नत्र रातो बत्तिमा हिडेको भए ? मन ढक्क फुलेर आयो या त मेरो गाडी अरु गाडीसित ठोक्किनन्थो वा ट्राफिक लाईटमा भएको क्यामेराले फोटो खिचेर चार सय डरल र टाफिक क्लास लिन जानपर्ने हुन्थ्यो । जे होस केहि भएन । म जिपिएसमा हेरेर त्यसकै निर्देशन अनुशार उस्को घर नजिकको बाटोको किनारमा गाडी पार्क गरेर उस्को घर तिर लागे, उस्ले दिएको ठेगाना अनुशार उस्को कोठाम पुग्न केहि कठिनाई भएन, यहि विशेषता छ यहाँको घर नम्वर वा कोठा नम्बर भएपछि र त्यस स्थानको सिह ठेगाना भएपछि जिन्दगीमा कहिले नपुगेको स्थानमा समेत पुग्न कुनै मुस्किल पर्दैन , मपनि उस्कै कोठामा पुगेर कलबेल बजाउन पुगे । तर कल बेल बजाउदापनि कोहि आएनन ढोका खोल्न, एसो धकेलेको ढोका खुलै रहेछ, र लिभिंग रुममा उ थच्च बसेर झोक्राई रहेको । "हल्लो मित्र के छ हाल खबर? खै त भाउजु, छोरी?" , मलाई देख्ने वित्तिकै उ त रुन थाल्यो, "खै के भन्ने मलाई छाडेर कहाँ गए तिनीहरु , म त बरवाद भए, मसित नबस्ने रे, मेरो र उनिहरुको स्टाटस मिलेनरे छोरीपनि मलाई डैडी भन्न लाज लाग्छरे, म त त्यही

गाउकै जस्तो पाखे छुरे" , हातमा च्यापेको पत्र देखाउदै विलौना गर्न थाल्छ .................... म चुपचाप उस्को बिलौना सुनिरहे, मेरोमा केहि शव्दै थिएन उस्लाई सम्झाउने ।

# ❖ आखिर त्यहाँ के भएको थियो त्यस रात ?

अचानक बिहानी पख बाहिर हो हल्ला भयो, सबै जना कराउन थाले कोहि एता त कोहि उत्ता दौडन थाले , अचानक यो के भयो ? सायद भूकम्प त आएन ? अह होइन भूकम्प आएको त पक्कै होइन किन भने केहि हल्लिएको छैन हल्लिएको छ त सबैको मन , सबै के के नै भएजस्तै भाग दौड गरिरहेका छन्, म भने बिदेशमा धेरै बर्ष बसेर आजै राती मात्र घरमा आइपुगेको मान्छे , त्यहि माथि जेट ल्याक र समय परिवर्तन को कारणले रात भरि दिउसो जस्तै जाग्राम बसी रहेको यो सुनसान र चकमन्न बिहानी पखको मिठो निन्द्रामा सबै गाउलेहरु किन यसरि भाग दौड गरि रहेछन जान्ने इच्छा भयो र ढोका खोलेर बाहिर निस्किएको त बाहिर रमिता छ, मलाई पनि त्यो रमिता हेर्न मन लाग्यो र हतार हतार ज्याकेट भिरेर बाहिर बाटो तिर दौडिए , अचानक मेरो एक जना मित्र सित जम्का भेट भयो," ए हेर तिमि पनि किन यसरि निन्द्रैमा आएको घरमा अरु कोहि छैन र एक दिनपनि आराम गर्न न दिई खेदेछन हेर...."

म केहि बोल्नै लागेको साथी त अध्यारोमा कता बिलायो कता... हतार हतार म पनि चोक तिर लागे यो सब के भइ रहेछ जान्न... तर कसैलाई फुर्सत थिएन मेरा जिज्ञाशा सान्त पारि दिने सबै जहाज छुट्नै आटे जस्तै गरि भागी रहेका थिए.

त्यतिनै खेर मेरो अर्को सानै देखिको छिमेकी मित्र लाइ देखे , जे होस् यसलाई त समातेरै भएपनि सोध्नु पर्यो आखिर के भएछ भनेर , तर अह उसले पनि छनक पाई हाले जस्तै मलाई हेर्दा पनि न हेरी बिपरित दिशा तर्फ भाग्यो... म अलमल्ल परि रहेकै अवस्थामा तल्लो घरे हजुर आमा देखा परिन, लगभग ९० बर्ष को हाराहारीकी बुडी समेत ..... म त जिल्ल

परे यो सब देखेर तर कसैलाई फुर्सद छैन मेरो प्रश्न को जवाब दिने . के तपाइँ सित यसको जवाब छ ? वास्तबमा त्यहाँ के भएको थियो?

म यसको जवाब खोज्ने प्रयासमा थिए अचानक अमेरिकाबाट फोन आयो गफमा भुले र कोठा भित्र पसे कुरा गर्दै .....केहि बेर पछी के गरौ के गरौ भइ रहेको थियो ल्यापटप निकालेर फेसबुक हेर्न थाले खै के बिचार आयो र फेसबुकको स्टाटस मा यहि घटना लाइ लेखेर सुते....

भोलिपल्ट कम्प्युटर खोलेर हेरेको त करिब तीस, पैतीसजनाले कमेन्ट लेखेका रहेछन.... जसमा भनिएको थियो...

- सायद खानेपानीको लाइन हलो
- होइन ग्यासको लागि सबै भागेका हुन्
- सायद गाउमा डकैति भयोकि?
- पार्टीको झगडा होला नि अरु के हुन्थ्योर ?
- मित्र आजै नेपाल आएको हेर्दै जाउ के के देखछौ, पहिलेको जस्तो छैन नेपाल अहिले...
- होस् गर है कतै तिमिलाइनै.......... यस्तै यस्तै..... जेहोस केहि त पक्कै भएको थियो राति...

अब नुहाएर बाहिर निस्किन्छु थाहा भइनै हाल्छ नि .. यस्तै सोच्दै धारातिर लागे तर अचम्म सानै देखि नुहाउने गरेको त्यो मुसलधारे पानी आउने धाराको त्यहाँ त नामो निसाना थिएन...... उफ यो पानी को हाहाकार अब हाम्रो गाउमा पनी आएछ.....

❖

# ❖ अज्ञानता कस्तो भयानक हुन्छ

एकदिन ज्ञानबहदुर बजार जादै थियो अचानक बाटोमा नेत्रप्रसद्लाई भेट्यो उसको साथमा एकजना लगभग सोरह सत्र बर्षको जस्तो केटोपनी थियो तर उसले त्यस बालकलाई कहिले पनी भेटेको थिएन, ज्ञान बहादुर छेवैमा गएर नेत्र प्रशादलाई नमस्कार गरेर होलीको सुभकामना दियो, आज होलि भएकोले सारा सहरकै रौनकता रंगिन थियो, त्यो देखेर बालक अलिक डराइ रहेको थियो, उसले नेत्रप्रशाद्लाई च्याप्प समातेर चिच्चाउन थाल्यो, त्यो के हो सबै अनौठो रुप धारण गरेर एतै आउदै छन् , त्यस्पच्छि त्यस बालकले नेत्रलाई जोडले समातेर आखा चिम्लियो, मलाई यहाँ बाट लानु होस् म यहाँ बस्न सक्दिन, यो के हो यहाँ के भइ रहेछ? उसको कुरा सुनेर ज्ञान बहादुरले भन्यो बाबु डराउनु पर्दैन आज होलि हो र सबै रंग खेल्दै छन्. तिमि पनी जाउन होलि खेल्न किन डराउनु, केटा केटी त रंग भने पच्चि कहिले होलि आउछ भनेर प्रतिक्षा गरेर बस्छन तर तिमि भने एति ठुलो भइ सक्दा पनी होलि खेलेका छैनौ? कस्तो अचम्म रंग र होलीको रौनक देखेर केटा केटिहरुत दिन भरि घरमै आउदैनन , तर तिमि भने?



त्यस बालकले ज्ञानबहादुरको कुरा सुनेर अलिक हौसला बटुलेर भन्यो होलि भनेको यहि हो? अनि यो कस्तो रंग हो ? मैले देखेको रंग त सबैएउटै थियो त ? यो कस्तो भिन्नता? किन एति धेरै भिन्नता ? बालक को कुरा सुनेर नेत्रप्रसादले सम्झाउन थाल्यो , हेर्दै जाउ यो संसार कस्तो सुन्दर र बिबिध रंगले भरिएको छ बिहानीको सुर्योदय देखि सुर्यास्त सम्म र काल रात्रिमा प्रकृतिले कस्तो रुप र रंग परिबर्तन गर्छ यहि जिन्दगि र यसैमा

जीवन रमाउछ बाबु, हेर्दै जाउ तिम्रो यो डर पनी बिस्तारि भाग्दै जान्छ.... उसको कुरा सुनेर ज्ञान छक्क पर्यो एति ठुलो केटो लाइपनी एउटा नाबालकलाई जस्तै सम्झाई रहेछ कस्तो लाटो रहेछ यो केटो.....

तर नेत्रले भने अझै सम्झाउदै थियो त्यो बालकलाई. बालक भने उल्टै प्रश्न गर्छ यो सबै रंग एउटै भए कत्ति राम्रो हुन्थो होला, हेर्नुहोस्त कुनै रंग कत्ति राम्रो छ भने कुनै रंग कस्तो न राम्रो छ मलाई त मन परेंन यो रंग पनी हाम्रो विभिन्न जाति धर्म जस्तो पो भयो सबै आफुलाई असल र राम्रो साबित गर्न लडे जस्तै .. यो कस्तो बिबिधता यो कस्तो भेदभाव , किन सबै एउटै हुन सक्दैन.... बालकको एस्तो दार्शनिक कुरा सुनेर ज्ञान्प्रशाद दंग पर्यो तर यो त्यहि बालक हो जो मानिस हरु होलि खेलेको देखेर डराइ रहेको थियो तर अहिले भने कस्तो कुरा गरि रहेछ? बालकको कुरा सुनेर अचम्ब मान्दै नेत्रलाई प्रश्न गर्न तम्सन्छ तर अचानक नेत्र केहि बोल्न लागेको सुनेर चुप लाग्छ र उसको कुरा सुन्न थाल्छ, नेत्र भन्दै गरेको हुन्छ, हेर बाबु रंग जस्तै यो जाति धर्म राष्ट्र सबै एकै हुन् तर हेर्नेको दृष्टिकोण मात्रै फरक हो नत्र किन यहाँ जाति धर्म र रास्ट्रको नाउमा युद्ध हुन्छ सबै आफुलाई असल र राम्रो साबित गर्न तम्सन्छ तर यो भुल्छ कि एउटालाई राम्रो भन्नु भनेको अर्को लाइ तो नराम्रो होस् भन्नु सरह हो यसैले सबै मिल्नु पर्छ... सबै एक हुनु पर्छ... राम्रो लाइ अंगाल्नु पर्छ र नराम्रोलाई होलिका जलाए जस्तै गरि जलाएर हरेक मानिसको दुषित मानसिकतालाई जलाउनु पर्छ... हेर त होलीको यहि रंग जब एक अर्कामा दल्दा कस्तो डरलाग्दो देखिन्छ भने त्यहि रंगलाई एउटा कलाकारले कस्तो सुन्दर तस्बिर बनाउछ , यो रंगको दोष होइन दोष हो यसलाई हेर्ने र यसलाई कसरि प्रयोग गर्ने भन्ने को ...

यो कुरा सुनेर केटो केहि खुसि देखिन्छ तर उनीहरुको कुरा सुनी रहेको ज्ञान भने अवाक हुन्छ, यो कस्तो दुबिधा... हैन हैन यो केटो को मानसकिता ठिक छैन यो केटो पक्कै पनी पागल हुनु पर्छ यसलाई त डाक्टरको मा लानु पर्छ नत्र भने यसको भविस्य अन्धकार हुन्छ, सायद यो कुरा नेत्रप्रसद्लाई थाहा छैन होला, उसलाई सम्झाउन पर्छ, उ आफ्नै

कुरा मनमा खेलाई रहेको हुन्छ त्यत्तिनै बेला एउटा नारीको आवाज गुन्जन्छ हो बाबु, यो सब दृष्टिको खेल हो, न देखुन्जेल सबै एकै लाग्छ तर देखे पछी प्रकृतिको हरेक बस्तुमा बिबिधता छ तर प्रकृतिले यो बिबिधता एक अर्कालाई सानो ठुलो वा राम्रो न राम्रोको लागि बनाएको होइन, सबैको आ आफ्नो स्थानमा आफ्नै खाले महत्व छ र यसलाई हामीले स्विकार्नु पर्छ, यो कुरा सुनेर ज्ञाने त्यति तिर हेर्छ त्यहो नेत्र कि बहिनि भावना हुन्छे, उसलाई देखेर पहिले त चिन्ने सकदैन तर उसको कुरा गराई बाट थाहा हुन्छ पक्कै यो नेत्रको बहिनि भावना हो.. उ भन्दै गरेकी हुन्छे, हेर त त्यो सुर्यको किरणमा त्यहाँ कुनै रंग छैन तर त्यहि सुर्यको किरण जब पानीका कण हरुसित मिल्दछ र त्यहीबाट कस्तो सुन्दर ईन्द्रधनुस बन्दछ, एक दिन त्यो पनी तिमीले हेर्ने छो बाबु, यो संसार बिचित्र र सुन्दर छ यसलाई हेर्न र बुझन समय लाग्छ एकै दिनमा सबै हेर्न सकिदैन हिड घरमा अब आराम गर्नु पर्छ...त्यस पछी भावना त्यस केटो लाइ लिएर हिड्नै आटेको हुन्छ. तब ज्ञानबहादुर पच्छी बाट कराउछ , सुन त बहिनि एउटा कुरा मलाई चित्तै बुझेन एक फेर तपाइहरु एता आउनु होस्त, एउटा सल्लाह दिनु छ, बाबु तिमि त्यहि बस्दै गर है भनेर नेत्र र भावनालाई बोलाउछ, अलिक पर पुगेपछि, यदि तपाइहरु रिसाउनु हुन्न भने एउटा कुरा राखौ भनेको... यो केटा को हो? मलाई त उसको दिमागी हालत अलिक ठिक लागेन कहिले कस्तो राम्रो ज्ञानी कुरा गर्छ भने कहिले रङ, होलि मानिस र प्रकिति देखेर अनौठो कुरा गर्छ, यदि तपाइँ हरु रिसाउनु हुन्न भने एकपल्ट केटोलाई मानसिक डाक्टरको मा देखाउने होकी?

उसको कुरा सुनेर दुवै छक्क पर्छन तर रिसाउदैनन, बिस्तारै भावना भन्न थाल्छे हेर दाइ, केहि सल्लाह दिनु अघि त्यस बिसयमा जानकारी लिनु जरुरि हुन्छ त्यत्तिकै मनमा लागेको कुरा भन्दा त्यो गलत पनी हुन् सक्छ , के थाहा छ तपाई लाइ मेरो छोरोको बारेमा , यस अघि कहिले भेट्नु भएको थियो? कहिले देख्नु भएको थियो? उ डराई डराई शिर

हल्लाउछ ,न रिसाउनु न बहिनि मलाई उसको कुरा कस्तो कस्तो अनौठो लागेर भनेको.... नत्र त...

हैन ज्ञानबहादुर दाइ तपाइको कुराले मलाई रिस उठेको छैन तर दया लागेको छ तपाइको सोचाई प्रति ...हेर्नु होसत उसलाइ एक फेर कस्तो खुसि देखिदैछ थाहा छ उ किन यस्तो कुरा गर्दै छ उसको नजरमा के तपाइँ खुसीको अभा देख्नु हुन्न ?यो सब किन भने उ जन्मै नेत्रहीन थियो उसको भाग्य राम्रो एकजना बिदेशीले उसलाई दुवै नेत्र दान गरेर यो संसार हेर्ने बनाएको छ र आज पहिलो पल्ट उसको अपरेसन पच्छी पहिलो पल्ट उसको आखाको पट्टि खोलिएको छ र उसले पहिलो पल्ट आखा देख्दा आफनै जन्म थलोलाई हेर्ने इच्छा भएकोले हिज मात्र उसलाई लिएर म अमेरिकाबाट आएको हु र आज उसको पट्टि खोलिएको छ र यो संसारलाई उसले आज सम्म महसुस मात्र गर्थ्यो र मेरो आखा बाट हेर्ने गर्थ्यो तर आज आफ्नै आखाले यो संसारलाई नजिक बाट हेर्दा उसका अनेकौ अनुतरित प्रश्न हरु जिज्ञासाको रुपमा राखी रहेको छ, उसको दिमाग डाक्टरको अनुसन्धान अनुसार तपाइँ हाम्रो भन्दा धैरै तीक्ष्ण छ रे अब यो संसारलाई पहिलो पल्ट देख्दा कस्तो महसुस हुन्छ त्यो तपाईलाई के थाहा र?.....त्यति भनि सकेर उनीहरु उकालो बाटो तिर लागे र ज्ञान बहादुर भने आफ्नो अज्ञानता र न सोची प्वाक्क बोल्ने बानी प्रति आत्मा ग्लानी गरिरहेको थियो र मनमनै सोच्दै थियो यो अज्ञानता कस्तो भयानक हुन्छ भनेर .......



# ❖ "भूतसित एक रात"



यो घटना सन १९८५ मई ३ तारिकको हो । त्यस समय  म कक्षा नउमा अध्यनरत थिए । सानै देखि खेलकुद र विभिन्न कार्यक्रममा भाग लिने गर्थे । यसैले म एन.सी.सी. को जुनियर कमाण्डेण्ट थिए, त्यस समय दार्जिलिङ्डमा राष्ट्रिय एकता क्याम्पको आयोजना गरेको तियो र कालेबुङ्डको तर्फबाट म र अन्य दुई साथीहरु छनिएका थियौं त्यस क्याम्पमा भागलिन हामीलाई ३ तारिकको दिन लेवोङ्डको शिविरमा उपस्थित हुने पत्र आएको थियो सबै सामतहरु ठिक पारेर दिउसोको ठिक दुई बजे हामी कालेबुङ्डदेखि प्रस्थान गर्‍यौं । एउटा ट्याक्सीमा यसरी एउटा नौलो उमङ्ड र जोश लिएर जिवनको सुनौलो अनुभवहरु बटुल्न अघि बड्यो  । अभाग्यवस जब हाम्रो गाडीले टिष्टा बजार नाघेर पोसोकको नागवेली रोड छदै डरलाग्दो उकालो बाटो लाग्यो मेरो शरिरमा एकप्रकारको चिसो पस्यो कारण यो बाटोमा पहिलो चोटी आउदै थिए । हुनत भाग्यले आजसम्म पनि दार्जिलिङ्ड पनि पुगेको थिएन यसैले होलो मेरो हृदयभित्रबाट खुशि र सिहरन एकैचोटी निस्किरहेको थियो । अचानक हामी चटेको गाडी ढलमलाउन थाल्यो । गाडीको चालक निकै सिपालु र अनुभवि रहेछ चाढै गाडीलाई आफ्नो नियन्त्रणमा लियो र अलिक माथि अलिक तस्रो थियो त्यही गाडी रोक्यो रोक्यो । गाडी भित्रका यात्रुहरु सबै कराउदै डरले हतार हतार गाडीबाट बाहिरीएर गाडी बिग्रिएछ, अब पर्‍यो फसाद के गर्ने हामी निर्दिष्ट समयमा शिविरमा पुग्नु पर्ने गाडी जान नसक्ने भयो । जे होस हामीमा आत्म विश्वास थियो र थियो एक जोश यसैले हामी तीन साथी उकालो लाग्यौ समयलाई खेर नफाली हामी हिडेको देखेर अन्य दुइजना पनि हामी स"ग आउन थाले । हामीलाई हतार थियो र आश थियो एक दुई किलो मिटर हिडेपछि माथि बजारमा गाडी भेटिनेछ भनेर । यसरी हिड्दा हिड्दा करिब ५ बजे तिर एउटा ट्याक्सी आयो तलबाट बल्ल बल्ल ठूलो आश जाग्यो त्यसैले झुण्डिएर भएपनि हामी आफ्नो गन्तब्य स्थानतिर लाग्यौं । साच्चै नै भनै भने यो एक प्रकारको मिठो अनुभव नै भयो मेरो निम्ती हरिया चियाका बोटले ढाकेका पहाड

त्यस माथि घिलिड्डमा पोकाका पोका चिया पत्तीहरु धुम्म परेको पहाड चिरदै कारखाना तर्फ बडिरहेको चारैतिर हरियाली चिसो सिरेटो चलेको साच्चै त्यसबेला मलाई लाग्यो कि दार्जिलिड्डलाई “पहाडकी रानी ”भनिदो रहेछ भनेर ।

निकै माथि घुम जोर बड्डलमा आएपछि  सानो रेल कु-कु गर्दै कराउदै आयो तराईमा ठूलो र लामो रेल देखेको यो सानो रेल देख्दा एक प्रकारको नौलो अनुभूति भयो त्यो भन्दा पनि घा“स र दाउरा जानेहरुले यस रेलको प्रयोग देख्दा अचम्म लाग्यो । त्यसबेला मेरो एकजना मित्र जो जहा“ यहा“ धैरै पल्ट आएकोले यो जानकारी दियो यहा“ त मानिसहरु घा“स दाउरा हाल्छन र तल घरनेर सागुरो बाटो भएर गएर चिया र खादै पर्खन्छन धैरै बेरपछि रेल पहाडमा अघि पछिसर्र्दै आईपुग्छ । यस घटनाले झन एक प्रकारको नौलो रोमान्चक बनायो मनलाई यसरी चारैतिर नियाल्दै र प्राकृति आनन्द लिदै हामी बस बिसौनीमा आईपुग्यो यहि रहेछ दार्जिलिड्ड अंग्रेजहरुले १८५० तिर आफ्नो बहलाउन आउने र बस्ने ठाउ“ चारैतिर अग्ला अग्ला धुपिका रुखहरु, लाली गुरा“सका रुखहरु बिच यो शहरले हामीलाई नै स्वागत गर्न मुस्कुराई रहेकी थिईन । अध्यारोमा झलमल बत्ति बालेर यहा“ आईपुग्छ रातको सात नाघि सेकेको थियो । म र वंगाली साथी त्यसै यता उता हेर्न थाल्यो अर्का लाप्चे साथी चाही गाडी खोज्न यताउता दगुर्न  थाल्यो र अन्तमा आएर भन्यो  गाडी सबै गई सकेछन् । अब के गर्ने यहा“देखि लेवोड्ड निकै टाडो छ .............। “अब के गर्ने र उल्टा प्रश्न राखे रु साथी त्यही वेडिड्ड माथि थ्याच्च बस्यो र म पनि शायद थाकेर लखतरान भएछौं ।

अचानक करिब ९ बजेतिर एउटा ट्याक्सी आयो म दगुर्र्दै गएर रोके सिंहयारी जाने रे मलाई थाहा थिएन । सिंह मारी लेवोड्ड देखि एता पर्छ की उता र सोध हैन हामीलाई लेवोड्ड जान छ कृपया लानु हुन्छ । ड्राईभर एकछिन झोक्रायो र भन्यो लेवोड्ड हेन म भाले ढुड्ड समय पुर्‍याउन सक्छु कारण मेरो घर त्यतै पर्छ । जेहोस आधा बाटो त पुगिने भयो हामी सहमती भयौं र सबै गाडीमा चढ्यौं । केही श्रण मै गाडी रोक्यो

र भन्यो भाई यहा" देखि धैरै टाढो छैन आखिर तपाईहरु तिनजना हुुनुहुन्छ जानु सक्नुहुन्छ होला ......। सक्दिन कसरी भन्ने ल्।ऋ।ऋ। को पहिरतमा सिपाही जस्तै देखिने भएपछि र भन्यो हवस त धन्यावाद यहा"बाट हामी जान सक्छौं ।

हामी एक श्रण अनकनायौं अब कला जाने साथी जो अघि सम्म हामीलाई दार्जिलिड्डको विषयमा सब वर्णन गर्दै आएको थियो उ पनि एता कहिले नआएको के गर्ने रु प्रश्न माथि प्रश्न ....... अचानक त्यतिकैमा एकजान बुढी आमै एउटा पोको बोकेर त्यहा" आईपुगिन र हामीलाई सोधित नानीहरु कता हिडेको झसंड्ड भयौं हामीहरु लाप्चे साथीले जवाफ दियो यहा ल्।ऋ।ऋ। क्याम्पसमा आएको खै आधा रात भयो कता हो कता ........ ए उ त्यही पर त हो नी लेवोड्ड देखि अलिक माथिबाट ओरालो झर्नुपर्छ हामी त्यस बुढी आमैलाई अघि लगाएर उनकै पछि पछि लाग्यौं करिब एक घण्टा जति हिडेको हुनुपर्छ तब जंगल छेउमा आइपुगेपछि त्यस वुढि आमैले हामीलाई उभो देखाएर भनिन् उ यही माथि हो दिन भरि थुप्रै आइरहेकाछन् । निकै मिड छ त्यता त ............ त्यति भनेर त्यो बुढी आइमाई कता गईन कता धन्यवाद समेत भन्न पाएनौं । जे होस ढिलै भएपनि आफ्नो गन्तव्य स्थानमा त आईपुग्यौं लामो सा"स फेरयौं हामी सबैले र फेरि उकालो लाग्यौं सानो गोरेटो बाटो अन्धार थियो जंगलमा कता कता धमिलो जुनको प्रकाशमा ढुड्डहरु टल्किदै थिए । जेनतेन हामी माथि पुग्यौं चारैतिर क्याम्पस थापिएको रहेछ एक दुई ठाउ"मा मधुरो प्रकाश देखिदै थियो अब कता जाने विस्तारी विस्तारी अघि बढ्यौं अलिक पर उज्जायालो देख्यौं र त्यतै बढयौं त्यहा" दुइजना अफिसरहरु रहेछन् गोर्खा राईफल्सका । हामीहरुलाई देखेर भन्यो "क्या हो यो बेला हो क्याम्पस आउने दिनमा कहा" गयौं ........... हामीले हाम्रो घटना सुनाउनै लागेका थियौं बस बस सब मालुम है उ त्यहा" तिम्रो क्याम्पस छ जाआंै ....... ।अकेलि प्रश्न गरयो क्या खाना खायौं रु मैले भने हजुर ढिलो भयो र बजारमै खायौं । खाईन कसरी भनौं यहा" कस्ले एति बेला पकाएर देला र त्यसपछि मलाई हामी हाम्रो शिविरमा पस्यांै बंगाली साथी भोकले निकै स्थनिएछ , मालाई गाली गर्न थाल्यो तैले

कहा“ खाईस ..... मत भोकले मर्न आटे ........... मैले शान्तबनाइदिन थाले हेर यो क्याम्पस हो तेरो मामा घर हैन यहा“ कस्ले बुझ्छ हाम्रो समस्या ..... यहा“ त टेनिड्ड गर्न आएका हौं मौज मस्ति गर्न हैन ........... । लाप्चे साथी चुपचाप एक कुनामा बसि रहेको थियो उठेर लुगा फुकाल्न थाल्यो र ओछ्यान मिलाउन बंगाली साथीलाई अब भोक र अन्धकारमा डरले सताउन थाले छ । एई हामी यहि सुत्ने हेर डरलाग्दो जंगल छ चारैतिर ........ । लाप्चे साथी बोल्छ “अ” अहिले त्यो फौजीले तलाई गेष्ट हाउसमा लान्छु पर्खदै गर ........ उ रिसले चुप भयो र खस्या“क खुस्रुक्क गर्न थाल्यो बेगमा एक श्रण पछि विस्कुट निकाले छ एई खान्छस भने ला मत मर्नु आटे भोकले । हामी सबै बिस्कुट खान थाल्यौं र फसबाटा पानी ...... रातको करिब ११ बजेको हुनुपर्छ । सब सुनसान कता कता स्याल र लाटकोसेरो कराएको सुनिंदै थियो र क्याम्पकै केहि पर केहि दगुरेको झै लाग्यो शायद कुकुर होला मनमनै सोचे । अन्तयमा हामी तिनै जनाले एउट्रै ओछ्यान बनायौं र गुटुमुटु परेर सुत्यौं ।

विहान भएछ चराहरु कराउन थाल्यो मेरो दुवै साथी उठेछन् र मलाई उठाउदै रहेछन र म भने अघिल्लो दिनको थाकानले उठ्न मन लागे कै थिएन  तिनीहरु एकोहोरो घचघचयाएर उठाउदै थिए । बल्ल आखा“ खुल्यो र कराए के भाको सुन्तपनि दिदैन” साथीहरुको अनुहार हेर डराए जस्तो लाग्यो” एई हेर त हामी कहा“ सुतेछौं उठ्न छिटो हेर त ........ म पनि आ“खा मिच्दै चारैतिर निलाल्छु तर ....तर यो के  चारैतिर जंगलसै जंगल कतै कुनै क्याम्पस छैन । अचम्म लाग्यो आखा मिचे कतै यो मेरो  भ्रम त हैन भनेर तर अहा ...... हामी क्याम्पमा पुगेका रहेनछौं हेर्छु आफू पनि उजाड ठाउ“मा साथीहरु तर्फ हेर उनीहरु पनि अचम्म मानेर चारैतिर नजर दौडाउदै थिए ........... हामी एउटा भग्नावसेसमा बसेछौं चारैतिर जंगलै जंगल कतै कोही छैन, राती क्याम्पमा बत्ति कतै छैन ......... अब भने आड्ड फुल्यो चारैतिर चिहानै चिहान रहेछ वंगाली साथी हतारिन थाल्यो चाडो हिडौं कालेबुड्ड अब क्याम्प नगर्ने भनेर लाप्चे साथी चुपचाप बाहिर परसम्म हिड्यो र फर्केर आयो “हेर यहा“ देखि

अलिकपर अर्को क्याम्प छ त्यही जाऔं शायद हाम्रो क्याम्प त्यही होला । हामी सब सामन बोकेर हतार हतार त्यहा“ वाट हिड्यांै हिड्यौं के एक प्रकारले भाग्यौं अचानक हामी एउटा आलो चिहान निर आईपुगेर अडियौं हो यहि सम्म हामीलाई त्यस बुढीले राति ल्याएको थियो र हराएकी थिई । चारैतिर बा“स थोत्रो कपडाहरु आधा जलेका बा“सका दाउराका टुक्राहरु सम्झदै आड्ड फुलेर आयो हतार - हतार हामी त्यहाबाट पनि भाग्यौं । भित्र मनमा एक प्रकारको डर अझै गएको थिएन लाप्चे साथीले भन्यो ठिकै छ एक रात भएपनि भूतस“ग बा“स बस्यौं खातिर राम्रै गर्‍यो भनौं ......... मनभरि डर र रोमान्चकता लिएर हामी अगाडि बढन थाल्यौं आज दोस्रो दिनमा पनि हाम्रो क्याम्पमा पुग्न सकेका थिएनौं । भोकले भु“डी सुकेको थियो तर खुट्टामा भने अझै हिड्ने तागत थियो । शायद डरले हो कि करले ......... बंगाली साथी भन्न थाल्यो हैन अब फर्को यो क्याम्प छाडौं तर हामी दुईजना भने जर्वरजस्ती उस्लाई पनि कर लाएर मिलीटेरी केन्टनमेन्ट तिर लाग्यौं । बल्ल क्याम्पमा पुगेर थाहा लाग्यो हाम्रो पहाडमा सरे छ अब के गर्ने ......... त्यही आर्मी अफिसमा पस्यौं र पुछतास गरेपछि उनीहरुले भने भाईहरुले निकै दुःख उठाउछन जे होस रामै्र फर्कनु भयो । यहा कति जना यसरी त्यता राती गएर बेहाश भएका छन् भने धेरै वर्ष अघि एकजना सिपाही पनि मरेको भेटिएको थियो रे ..... । सम्पूर्ण घटना सुनेपछि आड्ड फुलेर आयो अन्तमा हामीलाई फौजी गाडीमा चढाएर आफ्नो क्याम्पमा पुर्‍याइयो, हामी अन्तिम केडेट थियो अब सब आ-आफ्नो काममा जुटि सेकेका रहेछन ति विस्तृत जानकारी सी.ओ. लाई दियौं । र वा“हाहरुले हामी हौसला दिदै भने ठिक छ जवान हो तर एंसा यसरी हाम्रो यो राष्ट्रिय एकता क्याम्प बिस दिन चल्यो र अन्तिम दिनमा विभिन्न पदकहरु र सर्टिफिकेट दिएर विदाई भोज दिइयो । जहा“ हामीले त्यस वर्षको सबै भन्दा मुख्य मेडल एडभेनचरस अवार्ड पायौं । यो घटनाले आज पनि झस्काई रहन्छ र यो वैज्ञानिक युगमा पनि के मुतप्रेत छ तर एउटा प्रश्न सधैं मलाई सताई रहन्छ ।

# "अधुरो प्रेम"

धनमाय आज पनि विहानै उठेर नुहाई, धुवाई गरेर घर सफा गर्न थाली र गएर मन्दिरमा धुप जलाएर फर्कि उसको यो नियमित कार्य मध्ये एक हो । जुन कार्य उ धैरै वर्ष देखि गर्र्दै आइरहेकी छे घरमा आएर उसलाई खाना बनाउन मन लागेन मन पनि कसरी लागोस यस बुढेसकालमा एक्लो जीवन विताउन परेपछि हिजोआज त बाहिर निस्कदा केटा– केटीले बोक्सी बुढी भनेर जिस्काउ“छन् । हुन पनि यहा“ दा“त झरेपछि र केश पूmलेपछि सबैले बोक्सी भन्न थाल्छन् । त्यही माथि एक्लो भएपछि जब बोल्न कोही हुदैन एक्लो जीवन देखि वाक्क भएर एक्लै भूत भूताउन सिवाय के पो गर्न सकिन्छ र यो त उसैलाई थाहा हुन्छ । जसले यस्तो जीवन विताइरहेको छ । त्यस्ताको हरेक चाल चलन समाजले शंकालु भएर हेर्दछन् । यहा“ सम्मकी नुहाएर धुप बाल्दा शरिरमा तेल मालिश गर्दा बोक्सी ज्ञानसिकेको भन्छन् । यस्तै छ हाम्रो रुढीबादी समाज ।

किन किन आज धनमायाको मन उदास छ उ अतितका घटनाहरुलाई सम्झदै कहिले रुने र हा“स्ने गर्छे आज पनि उ अतितका दिनहरुमा कता हराई कता ........ उसको मस्तिष्कमा आफू मात्र उन्नाइस (१९) वर्षको हुदाको घटना आउ“छ जनुबेला उ यस सानो गाउ“मा सबै भन्दा सुन्दर फूल थिई , जसलाई हेर्न युवा नयनहरु सधैं उसको घरको चारैतिर घुमी हिड्थ्ये । चारैतिर उसको गुणगान र सुन्दरताको प्रशंसा हुन्थ्यो । जवानीको बेला हो, कसैसित मन मिल्नु र घनिष्ट हुन त स्वभाविक नै हो यसै र उसको हेम खेम पनि यसै गाउ“को वलिष्ठ यूवक मैते सित प¥यो उ सधै गाउ“को हरेक कामना अघि बड्थ्यो ,सारै मिलनसार थियो शायद यही गुणले पनि होला धनमाया उ प्रति आकर्षित भएकी । उ धैरै जसो खेतालापात जादा दाउरा घा“स जादा पनि मैते स“ग हुन्थ्यो । जनु कुरा यो सानो गाउ“मा आ“गो सरह फैलन स्वाभाविक पनि हो ।

धनमाया साह्रै डराउ“थी कारण उ पुरोहित बाजेकी एकलौटी छोरी र मैते सानो जानको अर्काको पाखुरेको छोरो यसैले पनि उनीहरुको प्रेम सफल हुने सम्भावना कम थियो । एक दिन यसरी नै मैते र धनमाया गाउ“ले ठिटा ठिटीहरुस“ग जंगल गएका थिए धनमायाले एकान्तमा पारेर मैतेलाई कति दिन बिताउने यसरी एक्लै लुक्दै छिप्दै कति दिन बिताउने जाउ यस गाउ“ छाडेर अन्यत्रै र विहे गरौं तर मैतेले भन्यो हैन धनमाया तिमीलाई थाहै छ तिम्रो बुवाको यस गाउ“मा कत्रो इज्जत छ, फेरि नभन हामी भागेर पनि त कहा“ जाने बुढाको पुहच टाठा–टाठा सम्म छ मार्छन । धनमाया उत्तेजित हुन्छे हैन मैतेदाई हामी एक अर्कालाई मन पराउ“छौं हाम्रो जीवन सुखी हुन्छ किन समाजको डरमा जीवन बर्वाद गर्ने र मैतेले भन्छ हेर धनमाया हामी भागेर गए मेरो बुढी आमाको कस्तो विजोग हुन्छ म यो पाप गर्न सक्दिन् । धनमाया ठुस्किन्छे ‘त्यसो हो भने आज सम्म तिमीले मलाई के सोचेर प्रेम गरेको त धनमायको आ“खाबाट आ“शु टलपल गर्नथाल्छ जो मैतेले सहन सक्दैन र भन्छ ठिक छ धनमाया हामी भागौं तर आमालाई .............. । मैतेको निम्ती यहा“ जटिल समस्या भईदिन्छ उसको बुढि आमा जसलाई उ यहा“ एक्लो छाडेर पनि त जान सक्दैन फेरि आमा पनि मान्नु हुन्न तब के गर्ने .........? तर उनीहरुको प्रेम यति अघि बढि सकेको थियो कि उनीहरु यी सब छाडेर भाग्न तत्पर भए तर गरिब मैते शहर नदेखेको ठिटो धनमायालाई लिएर कहा“ जाने उ अर्काे गाउ“मा शरण लिन पुगे तर पुरोहित बाजेको जजमान भएको गाउ“मा उनहिरुलाई समात्न पुरोहित बाजेलाई त्यति साह्रो परेन गाउ“मा ल्याएर धनमायालाई घरमा थुनेर राखे र मैतेलाई कुटेर गाउ“बाट खेदाए सारा समाज मिलेर ।

यसरी मजबुत धनमायाको प्रेमको हत्या भयो र पुरोहित बाजेले हवल्दार जेठोसित विवाह रचाए उ भर्खर रिटायर्ड भएर आएको थियो र पहिलो स्वास्नी केही वर्ष अघि स्वर्गवास भएको थियो । तर हवल्दार जेठोले विहे गरेको केही दिनमै नाता भातिका कुरा सुनाउन थाले गाउ“लेहरुले र हवल्दार जेठो दिनरात जा“ड रक्सी खाएर घरमा

धनमायालाई मैतेकी स्वास्नी मेरो सम्पत्तिमा रजाई गर्न आएकी भन्दै कुटपिट गर्न थाल्यो । दिनरात जा“ड रक्सी जुवा तासमा लागेपछि हवल्दार जेठोले भएभरको सम्पत्ति स्वाहा“ पा¥यो र एकदिन गाउ“ छाडेर हिडेको कहा“ गयो कसैलाई पत्तो भएन गाउ“मा कोही भन्छन म¥यो भनेर कोही भन्छन अर्कोे लिएर शहरमा पस्यो । तर बास्विकता केहो आजसम्म धनमायालाई पनि थाहा छैन । उनीहरुको एउटा छोरो पनि थियो तर सुकेनाशले र खाना राम्रो नपाएर तीन वर्षमै मरेको थियो ।

हुन त पुरोहित बाजेलाई आफ्नो भूलको अहसास नभएको हैन छोरीको यस्तो विजोक देखेपछि त्यसैले धनमायालाई माइतमा नै बोलाएर राखेका थिए र पछि छोरीको दुःख र सारा जिवन सोचेर मैतेलाई खोज्न पठाएका थिए तर मैते कहा“ गयो गयो कसैले भन्न सकेनन् । धनमायालाई भने अडकल थियो पक्कै पनि मैते आसाम गएको हुनुपर्छ । मामाहरु उता छन भन्थे हुन त धनमायालाई भगाएर मैतेले आसाम लान चाहेको पनि हो तर त्यति टाढो कसरी पुग्ने विचरो गरिब मैतेमा पैसा नै कति थियो र नत्र आज शायद उनीहरुको जीवन कति सुखमय हुने थियो होला ।

जस्तै ठूलो चोटपनि समयको मलहम पट्टीले निको हुदोरहेछ बस कहिले नमिट्ने दाग रटाटो छाडेर धनमाया पनि अब त एता उता हिडडुल गर्न थालेकी थिइ ता गाउ“घरमा मानिसहरुले उसलाई कति लाश्रण लगाउथे उ यि सब सहने भइ सके की थिई । हुदा हुदा द्यपुरोहित बाजे पनि मरेर गए अब धनमाया एक्ली छे साथमा अतितका घटनाहरु र अधुरो प्रेमहरु । हिजोआज धनमाया घर छाडेर हिड्न नथालेको पनि धेरै भयो । शायद बुढि भएर होला उसका ति सुन्दर केशहरु मुहार जम्मै कुरुप भएको छ बुढेस कालले गर्दा मुखका धेरै जसो दा“तहरु फुस्किएका छन् । बाहिर एक्लै निस्कदा केटाकेटीहरु तर्सन्छन र बोक्सी बुढी बोक्सी बुढी भन्दै जिस्काउ“छन् । तर विचरी धनमाया यि सब दुःख कष्ट सहेर पनि एउटै आशमा बा“चेकी छे र उसलाई एउटै आशामा बा“चैकी छे र एउटै चाहनाले

जिउदो राखेकी छे त्यो हो मर्न अघि एकपल्ट भएपनि मैतेको मुहार हेर्ने ।

समाप्त

# ❖ "डायरीमा अल्झिएको जिन्दगी"



"दाज्यू"– "दाज्यू" कता कता कसैले बोलाएको झै लाग्यो र मेरो एकाग्रता अनायसै भंग भयो म चुपचाप एक्लै यस जाडो याममा पातलो घाम ताप्दै गर्दै थिए । अल्छे मनले हरौं कि नहेरौं हुदै विस्तारी पछिल्तिर फर्केएर हेर कोही थिएन भ्रम ठानेर त्यसै टोल्याउन थाले पढन् भनि लिएर आएको किताब मेरै प्रतिक्षामा बेन्चको एक छेउमा सुस्ताई रहेको थियो । उठाएर एक टक लगाएर आवरण नियाल्न थाले र फरर.... गरेर पाना पल्टाउन थाले । फेरि पनि पुनः दाज्यु दाज्यु शब्द सुनेपछि पक्कै पनि कसैले बोलाएको हनुपर्छ मेरो पाइला स्वत त्यसतिर लम्कन थाले मनभरि के के कुरा खेलाउ"दै ।

एक समय यो घुपिको रुख साच्चै मनोरम सुन्दर थियो सधैं प्रेमी प्रेमीकाका यूगल जोडी यसको आडमा घण्टौं प्रेमसागरमा डुब्ने गर्थे । तर हालै कसैले धुपि काटी दिएको छ यसलाई शायद निष्ठुरीपनको पहिचान देखाएर होला यो रुख हिजोआज कसैको प्रतिक्षामा बसेको प्रेमिका सरह एकान्तमा एक्लो भएर बा"च्नु र मर्नुको दोधारमा बा"चेको छ । यहा" अब कुनै यूगल जोडीले मिलन स्थान बनाउन छाडेको छ । म रुखको नजिक पुगी सेकेको हुन्छु, त्यहा" एउटी यूवती पुराना फाटेका मेला कपडामा एक्लै आफ्नै संसारमा मस्त भएर बर्बराई रहेकी हुन्छे उसको हातमा एउटा पुरानो आधा फा"टेको फोटोको टुक्रा हुन्छ जसलाई सुम्सुमाउ"दै चुम्दै एक्लै के के बर्बराई रहेकी हुन्छे । अनायसै उसको ध्यान फोटोवाट हटेर म तर्फ पर्छ विस्मात भएर मलाई हेर्छे र मु्ु्सुक्क मुस्कुराउ"छे लाग्छ हिलोमा फुलेको कमलको फुल जस्तो मुहार कति निश्चल अवोध मुहार हतार हतार उ त्यो फोटो छातिभित्र लुकाउ"छे र म तर्फ बढ्छे "दाई तपाईले मेरो महेशलाई देख्नु भयो ?" म अन्योलमा पर्छु को महेश अ"ह मैले देखेको छैन । उ हतार हतार फोटो देखाउ"छे भन्छे यि यो महेश क्या त हामी संगै कलेजमा पढ्थ्यौं नि उही महेश ।"

म अन्योलमा पर्छु को होला यो महेश र कुन सालमा पढ्थ्यो होला ? खै के जवाफ दिने उ मलाई राम्ररी नियाल्छे र भन्छे अ“...... अ“ उ तपाई जस्तै थियो हेर हास्दा त झ काट्टी कुट्टी तपाई जस्तै, तपाई मेरा महेश हैन ? म अचम्म र असमन्जसमा पर्छु के गर्नु र कसो गर्नु हुन्छ हत्त पत्त म त्यहा“बाट पछि सर्छु र बाटो लाग्छु मनभरि त्यही युवती र महेशलाई बोकेर, को होला त्यो महेश कहा“ होला अहिले म जस्तै अनुहार भएको। अलिक पर पुगेर पछि फर्किएर हेर्छु त्यो युवती त्यही उभिरहेकी हुन्छे । फेरि अचानक उ तिरहेर्छु शायद उसको महेशलाई भेट्न होला । भोलि पल्ट म फेरि पार्कतर्फ आउ“छु सधैैं म बस्ने बेन्चमा दुई जना विदेशि पर्यटक फोटो खिच्दै गरेका हुन्छन् । म सुस्तरी त्यही धुपीको रुखतर्फ लम्कन्छु त्यहा“ पुरानो भई सकेको एउटा अंग्रेजी पुस्तक खोल पनि च्यातिसेकेको हुन्छु हेर्छु व्गमष्तज ःअल्बगनजत ले लेखेको ध्जष्तलभथ, ःथ ीयखभ रह्ेछ । सर्रसर्रती पन्ना पल्टाएर हेर्छु त्यहा हरियो रंड्डमा अंग्रेजीमै लेखिएको हुन्छ । “प्रेम सहित तिम्रो जन्म दिनमा सानो भेट” र तल लेखिएको हुन्छ – “महेश” । म विस्मित बन्छु अवश्य पनि यि यूगल जोडी शिक्षित हुुनुपर्छ । अब भने मलाई यिनीहरुको विषयमा जान्ने चाहना तिब्र भएर आउ“छ तर अफसोस, सिवाय त्यो किताब त्यहा अरु केही हुदैन र सोध्ने पनि कसलाई । म त्यो उपन्यास आफैस“ग लिएर घरतर्फ लाग्छु, तिनीहरु कै विषयमा सोच्दै ।

यसरी समय वित्दै जान्छ म नियमित त्यस पार्कमा जाने गर्छु । तर त्यस केटीको विषयमा यति मात्र जान्न पाउ“छु कि उसको नाम सर्मिला रहेछ र काठमाण्डौंबाट दार्जिलिड्ड पढन आएकी रहिछ । एक दिन अचानक मलाई फेरि दिउ“सो तिर पार्कतिर जाने इच्छा भयो कारण आज क्रिसमसको छुट्टी थियो र जाडो पनि निकै बढेको थियो । तर त्यस पार्कमा घाम भने अवश्य देखिन्थ्यो । म सोझै पार्कतर्फ लम्किए र त्यही बेन्चमा बसेर एता उता नजर दौडाउन थाले शायद म भित्र त्यो केटीलाई भेट्ने इच्छा तिव्र भएर आएको हुनुपर्छ । केही क्षण पश्चात कुहिरो भित्रबाट एउटा नारी आकृति अघि बड्दै गरेको देखे र उ सोझै त्यही रुख तर्फ लम्किइ, म भित्र विभिन प्रश्नहरु एकसाथ उठे र अन्तमा निश्चिन्त भयो

पक्कै पनि त्यही युवती हुनुपर्छ तर मलाई उ तर्फ जाने साहस भएन र कारण पनि थिएन । तर पनि केही क्षण पश्चात मन बेचैन भयो र सुस्तरी टोल्याउदै उतैतिर लागे । ” उ खित्का छोडेर हा“सी म झसड्ड भए र उ एक्लै भन्दै थिई महेश हेर उ त्यो आकाशमा तिम्रो र मेरो सपना उड्दै छ, हेर त हामी पनि माथि माथि उड्दै छौं । उ चुपचाप हुन्छे म सोच्न थाल्छु यिनीहरु कसरी यसरी छुट्टिए होलान आज यस युवतीको अवस्था कसरी यस्तो भयो ? सबैले उसलाई पगली भन्छन् । वास्तवमा के उ साच्चैकै पगली हो ? मलाई पत्यार लाग्दैन शायद हैन होला । अनायसै मेरो तन्द्रा टुटछ कारण उ खित्का छोड्दै दगुर्न थाल्छे तलतिर किन किन मेरो पाइलाहरु पनि उसलाई पछयाउन थाल्छ थाहै हुदैन म पनि उसको पछि दगुर्न थालेछु । कति मानिसले हामीलाई देखेर के –के सोचे होलान् । अचानक मेरा पाइला टक्क अडिन्छ म वास्तविकतामा फर्कन्छु र अप्ठ्यारो लाग्छ उसको पछि दगुर्न उ तल्लो घुम्ति नाघेर ओझेल हुन्छे म पनि एक्लै आफ्नो होस्टल तर्फ लम्कन्छु । होस्तलतर्फ हतार हतार आप्नो कमरामा आएर भित्रबाट ढोका बन्द गरे र पलंड्डमा ढल्किएर त्यो डायरी खोले, आज भन्दा सात (७) वर्ष अघिको साल अकिंत रहेछ । सरसरी त्यो डायरी पढ्न थाले अचानक कसैले ढोका ढकढकाएको जस्तो लाग्यो , भित्र मनमा चिसो पस्यो कतै त्यही यूवती त हैन झयालबाट चिहाएर हेरे साथी बाजार बाट आईपुगेछ हतार हतार डायरी लुकाएर ढोका खोले । फेरी ओछ्यानमा ढल्किएर सोच्न थाले ।

विचरीको कस्तो कर्म साच्चै मानिसले यस संसारमा कस्तो कस्तो घटनाको सामना गर्नु पर्दाेरहेछ, त्यस डायरीमा त्यस समयदेखिको घटना लेखिएको रहेछ । जब तिनीहरु यस कलेजमा पढ्न आएका थिए र तिनीहरुको माया प्रितिका अटुट यादगारहरु र बाध्यताबस तिनीहरु भागेर मन्दिरमा विवाह गरेका क्षणहरु ।

तर यहा“ भाग्यको कस्तो विडम्बना जुनदिन देखि महेशले शर्मिलालाई विवाह गरेर घर गएका थिए त्यसैदिन महेशले इन्टरभ्यूको कल पाएको थियो कलकत्ता बाट सिपीड्ड करपोरेशनमा र भोली नै त्यहा“ पुग्नु पर्ने र उ त्यसैदिन हिडेको थियो कलकत्ता तर्फ शर्मिलालाई आमास“ग घरमा

छाडेर थुप्रै सपनाहरु र सुनौलो भविष्यको कल्पना गर्दै तर भाग्यको विडम्बना कस्ले देखेको छ जब उ कलकत्ताबाट फर्किएको थियो तब अचानक उ चढेको गाडी सोनादह छेउमा आएर दुर्घटना ग्रस्त भयो र त्यस दुर्घटनामा अन्य यात्रु सहित महेशको पनि मृत्यु भयो । यो खवर जब शर्मिलाले पाउछे तब उ दगुर्दै सदर अस्पतालमा पुग्छे जहा“ उसको प्रेमी उसको पतिको अनुहारनै नचिने अवस्थामा लडिरहेको हुन्छ ।

यस घटनापछिको वर्णन भने त्यस डायरीमा थिएन भनिन्छ त्यसैदिन देखि सर्मिला पगली सरह भएर महेश महेश भन्दै त्यही पार्क कलेज र बजार तर्फ दगुरी रहेकी हुन्छे । मलाई पनि त्यस घटनाले साह्रै दुखित पा¥यो अनायसै म उठेर बाहिरीए त्यो डायरी बोकेर तर देख्छु बाहिर अन्धकार छाई सकेछ घडी हेर्छु दश बजे छ फेरि रुममा आएर हेर्छु साथी आफ्नै धुनमा अध्ययन गरिहेको हुन्छ म केही पढ्न सक्दिन टाउको दुखेको बाहना गरेर खाना पनि नखाइ सुत्छु । विहानै उठेर हतार हतार म पार्कतर्फ लम्कन्छु आज त्यो पार्क निकै टाढो लाग्छ बाटो अप्ठयारो लाग्छ ठेस लाग्दै म त्यही धुपिको रुख नेर पुग्छु त्यहा“ त्यही यूवती सुतिरहेकी हुन्छ, सुस्ततरी छेउमा गएर नियाल्छु हातमा त्यही महेशको फोटो हुन्छ र भाव शुन्य शायद रातभरिको जाडो र उसको अन्तिम बा“च्ने सहरा यो डायरी हराउकोले उ दुखित भएर लडेकी हुनुपर्छ विस्तारी बोलाउ“छु उ त यस संसारलाई सदाको निम्ति छाडेर गई सकेकी हुन्छे मेरा हातबाट उसको डायरी र दुई थोपा आशु टप–टप झर्छ उसको चेहरामा ।

२४– ४ –९१ दार्जिलिङ्ड

## ❖ "वास्तविकता"



आज आइतबार विश्व विद्यालय गई रहन पर्ने बाध्यता थिएन बल्ल लगातार एक सप्ताह पछि पानी पर्न थामिएको छ, धेरै दिन धुन नपाइएका मैला लुगाहरु झिकेर बाल्टी भरि फिजाई राखे । साथी आज विहानै घर गएको छ खर्च सकिएछ म पनि पिउनको प्रतिक्षा गर्दा गर्दा हिजो मात्रै एउटा चिठ्ठी लेखि पठाएको छु घरमा ।

त्यसै आज मन खिन्न थियो । बाहिर रुखको फेदमा मुडा निकालेर पढ्न मन लाग्यो र मेरो सेमिनारको विषय निकाले र त्यसै पन्ना पल्टाई रहेको थिए जनसंख्या वृद्धिमा सरकारले के कस्तो पाराले रोकथाम गरिरहेको छ त्यही पढ्दै थिए र सोच्दै थिए विश्वमा पहिलो पल्ट सरकारी तवरमा जनसंख्या नियन्त्रण तर्फ अग्रसर हाम्रो देशमा जनसंख्या भने कम हुनुको साटो वृद्धि भई रहेकै छ ।

अचानक एउटा वृद्धको चित्कारले वास्तविकतामा ल्यायो मलाई नजिकको मैदानमा केटाहरु क्रिकेट खेल्दै थिए बलले लागे छ त्यस वृद्धलाई हत्तपत्त किताब एकातिर राखेर त्यता दगुरे खुन त आएन छ तर निकै जोडले लागेछ निलो दाग प्रष्ट देखियो निधारमा । एउटा ठिटोलाई (वंगालीमा) पानी ल्याउनु लाए विस्तारी विस्तारी सेकी दिए“ । विचरा डरले लग लग काम्दै थियो । सहारा दिएर उठाए“ र मेरो डेरा तर्फ ल्याए र बसाले ।

सेतैे फूलको थुपै्र ठाउ“मा फा“टेको कता कता टालेको कमीज र खरानी रंगको धोती लाएको एउटा थोत्रो तर बलियो झोला खुट्टामा एउटा रातो अर्कोे निलो फिता भएको चप्पल लगाएको आ“खामा मोटो चस्मा (ल्यान्स क्लबको दिएको) लागाएको मैले त्यस बुढोलाई यहा“ आए देखि नै लगातार देखिरहेको छु कहिले विश्व विद्यालय भित्र, प्रोफेसर क्वाटर अघि त कहिले बजार तिर कहिले म बसेको ठाउ“मा शायद नजिकै कतै बस्दो हो । तर घरवेटीलाई के दया जागेछ । दुई गिलास चिया लिएर

आइन र एउटा मलाई र अर्को उसको लोग्ने (पर घाम तापिरहेको थियो भर्खर नुहाएर) लाई लगेर दिइन फेरि भित्रबाट एउटा वटुकामा चिया ल्याएर त्यस बृद्धलाई पनि दिईन ।

चियाको चुस्की तान्दै मैले त्यस बुढोलाई हिन्दीमा तिम्रो घर कहा“ हो ? सोधे उ मुुसुक्क मुस्कुराएर उत्तर दिन्छ । हिन्दी मै कहा“को यहा“को कि देशको “मेले थपे देशको, ओ घर हारदोई जिल्लाको भित्र देहातमा छ सुरसामा मैले सोचे शायद उत्तर प्रदेश होला तर सोधिन, फेरि सोधे घरमा को–को छ अनि के गर्दैछन् । एकै स्वाँसमा चिया निल्दै एता–उता हेरेर अप्ठयारो मान्दै भन्न थाल्यो ठूलो छोरी थियो विहे भयो छोरा कलेजमा पढ्दै छ गोरखपुरमा । मलाई विश्वास लागेन फेरि सोधे के अरे । उ फेरि भन्न लाग्यो साईन्स लिएको छ यस वर्ष सक्छ उसैको लागि त यहा“ बुढेसकालमा दस गाउ चारेर यि यो माला बेच्दै टिका लाई दिदै हिड्नु पर्छ कहिले छोराले काम पाउ“छ र मलाई आराम मिल्छ ।

म उसलाई हेरेको हेरै भए विश्वास लागेन उसको उच्चविचार र आत्मा विश्वास प्रति मेरो श्रदा जाग्यो र लाज लाग्यो हाम्रो सामजप्रति त्यसै घोत्लन थाले एउटा भिखारी सरह हातमा कालो धा“गो र टिका दुई चारवटा हनुमान शिवको लकेट बोकेर हिड्नेको वास्तविकता जानेर मलाई खिन्न र अचम्म लाग्यो । हाम्रा समाजका थुप्रै यूवाहरु स्कूल फाईनल सम्म पनि नपढि त्यसै कुण्डल झुण्ड्याएर लामो केश पालेर आमा बाबाका सपनाको विपरित हिडेको संझदा जसलाई सब प्रकारको खुशि दिएको छ उसका आमा बाबाले तर उनीहरु भने फेसनको अन्धो अनुकरणमा आफ्नै भविष्य सित खेलिरहेका छन् ।

ती सब सम्झदा हामी अझै कति पछौटे जस्तो लाग्यो मलाई एकोहोरो घोरिएको देखेर होला उ कति खेर उठेर हिडीसकेछ । थाहै भएन हुन पनि उसको कत्रो जिम्मेवारी छ छोराको भविष्यको जस्लाई समजमा उच्च स्थानमा पु¥याउनु छ उस्को पिताको पुत्र प्रतिको कर्तव्य निभाउनु छ ।

मलाई आज भने विश्वास लाग्यो दुई वर्ष अघि जुत्ता सिलाउन लाग्दा एउटा मोचिलाई सोधेको प्रश्न कि उसको एउटा छोरा कानपुरमा जुत्ता कम्पनीमा काम गर्दै गरेको र अर्को चाहि डाक्टरी पढाउदै गरेको अनि मैले बिर्सि पढाए हाम्रो देशको जनसंख्या र बेकारी समस्या र याद आयो गान्धीले देखेको यो देशप्रतिको एउटा मिठो सपना

उत्तर वंगाल विश्व विद्यालय ७।३।९५

# ❖ "भडकिएको आत्मा"

"नानी यो त्यही सालको त घटना हो जुन बेला विकास सित तपाई यहा" पहिलो पल्ट आउनुभएथ्यो ।" यति भनेर मानध्वज बाजेले राजेशलाई चिया पिउने अग्रह गर्दै भन्छन् । "नानी चिया पनि पिउदै गर्नुहोसन सेलाई सक्यो होला ........ । ए हे तपाईकोमा आइपरेको त्यत्रो ठूलो बज्रले त आज मलाई नै लागे झै भयो बाजे तपाईको मुखबाट त्यस्तो घटना सुन्दा त्यत्रो ठूलो आपत आइपरेछ तपाईहरुमा मलाई भने थाहा सम्म पनि थिएन । राजेश मुस्किलले चियाको एक घुटको निल्छ र लामो सुस्केरा तानेर एता उता के हेरि पठाउछ साच्चै यो त्यही घर हो जहा" हर्षको वर्षा भई रहन्थ्यो कत्रो ठूलो सपनाहरु सजिएको थियो यि भित्ता र छानाहरुमा, यहा"को हरेक सजिएको बस्तुमा सपना थियो उस्को र यि भित्ता र छानाहरुमा र हरएक वस्तुमा तर तर आज कस्तो अवस्था भएछ विकाशको फोटो त्यही हो जुन म यहा" आउ"दा पनि त्यही भित्तामा झुण्डिएको थियो अनि आज पनि त्यही तर आज भने त्यहा" सेतो "खादा" लगाई दिएको रहेछ उस्का किताब खाताहरु पनि त्यत्ति कै रहेछ मानौ भर्खर मिलाएर राखे जस्तै , एउटा ताकमा विकाशले कलेज र स्कूलहरुमा जितेर ल्याएका पुरस्कारहरु पनि त्यसरी नै सजाएर राखिएको जसरी विकाशले राख्ने गथ्र्या े तर आज त्यहा" मा ुकराले जालो हालि सकेको रहेछ । जतातते शायद ती किताबहरु पनि कति मु ुसाहरुले जन्म लिदै बुढो हुदै मरिसक्यो होला आखिर त्यसलाई हेर्ने पनि कस्ले र हेरे तापनि अब त पढी दिने कस्ले ?

विकाशको विषयमा त्यसै सोच्दै गरेको हुन्छ रमेशले र उसको कानमा पनि केही भनि रहे झै लाग्छ र उ सचेत बन्दै ध्यान दिन थाल्छ मानध्वजेको कुरातिर, बाजेले भन्दै गरेको हुन्छ ...... "त्यस समय तपाईलाई लिएर विकाश यहा आइपुगेको थियो । उ कति चन्चल भएथ्यो कत्ति हर्षित थियो त्या,े हुन पनि कि नहोस आखिर त्यसले वि.ए.को परिक्षा समाप्त गरेर आएको थियो । उस्लाई थाहा छ त्यस कमानमा पहिलो पल्ट नेपालीले वि.ए. सम्म पुगेको नै विकाश थियो । विकाश हुन

पनि सबैले घमण्ड गर्थे अनि भन्थे भविष्यमा विकाश एक महान मान्छे बन्नेछ ..... । त्यसैले मैले पनि यो डुवर्शको खपि नसक्नु घाम र पानीको वास्तै नगरि यसलाई पढाउन थाले कारण त्यसको आमाको पनि त्यही इच्छा थियो कि विकाशलाई एक दिन ठूलो मान्छे बनाउने तर अफसोस उसैको भविष्य बनाउन दिन रात काम गर्दा कलिलै उमेरमा त्यसको आमालो पनि यो संसार छाड्यो ........ यति  भनेर बाजे रोकिन्छन् । का“धमा झुण्डिएको गा“म्चाको फेरले निधारनको पसिना पुस्ने बाहानाले दुवै सजल नयनहरु पुछि पढाउछन् । शायद अतितका घटनाले निकै दुखाए छ । एक क्षण चुप लागेर टोलाई रहन्छन् र फेरि मन दह्रो पारेर भन्न थाल्छन् । हुन त माथी मन्सिबाबुको छोरा पनि यसै स“ग पढन भनि कालेबुड्ड पठाएथ्यो तर नराम्रो संगतमा लागेर आज जा“डको अड्डा र मत्थुहरको हुलमा हिडेको देखिन्छ ।

मन्सिको छोरा स“ग कालेबुड्ड पढ्ने भन्दा झल्यास्स राजेशलाई र महेन्द्रको याद आउ“छ जो तीनिहरुस“गै एउटै क्लासमा पढथ्यो अनि सदा विकाशलाई हेप्ने र धमास दिने गथ्र्यो र त्यत्रो केटाहरुको सामु विकाशलाई एई कुल्लीको छोरा भनि सम्बोधन गथ्र्यो तर विकाश भने सदा चुप रहन्थ्यो । किनकी उसमा सहनशिलता जस्तो गुण थियो । त्यसरी नै एक दिन मेला ग्राउण्डमा फूटबल खेल्दा खेल्दै अचानक विकाश सित झगडा गरेथ्यो महेन्द्रले हुन त भूल महेन्द्रकै थियो तर उ भूल स्विकार्न चाहदैन थियो । यो उसको विशेषता नै थियो ।

यसरी नै दिनहरु वित्दै गए स्कूलका विद्यार्थीहरु जम्मै पास भएर कलेज तर्फ लागे । विकाश र राजेश पनि तर महेन्द्र भने एक वर्ष अघि नै स्कुल छोडेर हिडी सकेको थियो ।त्यसै दिन देखि राजेशले महेन्द्रलाई भेटेको थिएन । त्यसरी नै तिनीहरुको बिचको मित्रता अझ घनिष्ट हुन थाल्यो भने एता समयले विछोडिने दिनलाई पनि निम्त्याई रहेथ्यो । एक दिन कालेबुड्ड कलेजमा विदाई समारोहको आयोजना गरिएको थियो अनि त्यसै अवसरमा विकाश एउटा हृदय विदारक गीत गाएथ्यो जम्मै दर्शकहरुको मुटु छिया“ छिया“ पार्ने गरेर हुन पनि उ एक गायक मात्र नभएर सफल कथाकार र एक महान नेतामा हुने गुणले

परिपूर्ण भएको युवक थियो जसलाई आज यस कलेजले गुमाई रहेछ । परिक्षाहरु जम्मै सके पश्चात राजेशलाई पनि स“गै घर लाने निर्णय ग¥यो विकाशले तिनीहरु जयगा“व वस चढेर टिष्टा खोलाको डिल हुदै बाँघ पूल तरेर हानिए सोझै डुवर्शको मनोरम चियावारीको दृश्य हेर्दै । राजेश पनि कमानको अनौठो रौनकतामा बा“धिएर एक सातासम्म अल्झियो र हानियो आफ्नो घर तर्फ फेरि भेट्ने बाचा दिदै तर राजेश  घरमा केही दिन बसे पश्चात धरानतिर हानियो एउटा सिपाहीको जिवन बिताउने लालसा बोकेर तर भाग्यमा वरिष्ट यूवक जस्को लक्ष्य नै सिपाही बन्ने थियो  तर बन्न पुग्यो एउटा स्कूल माष्टर शायद समय सित सबैले एक दिन अवश्य नै संझौता गर्नु पर्दाेरहेछ उ पनि त्यहीको रौनकतामा भूलियो अतितलाई एउटा धमिलो यादगार बनाएर । समय जस्को उदेश्य नै अघि बडि रहनु हो र अघि बढि नै रहयो । यसै बिच तिनीहरुमा धेरै परिवर्तन आउन थाल्यो र एकदिन गर्नैपर्ने विवाह पनि ग¥यो रमेशले तर उसले विकाशलाई पठाएको कार्ड पायो पाएन शायद पाएन होला र त उ उसको विवाहमा सरिक हुन सकेन । सायद यसैले भनिन्छ नजीक हुदामात्र माया मोह जति टाढो उति पराया ।

समयको आफ्नै गति हुन्छ पुराना मित्रहरु ताडिदै जान्छन् नया“ मित्रहरु गा“सिदै जान्छन् नत्र आज हाम्रो साथ  के ति सम्पूर्ण साथीहरु छन जो सानो कक्षा देखि कलेज सम्म स“गै हा“सि खेलि विताएका थियौं । यसैले पनि राजेशले यतिका वर्ष विकाशलाई नभेट्नु स्वभाविक नै ठानेको थियो । तर आज झण्डै एक दशक पछि पनि किन किन उसलाई विकाशलाई भेटन लालसा जागेर आयो र उ आज विकाशको घरमा छ । उ अतित र वर्तमान विच जुझदै गरेको हुन्छ विकाश का बुवा बुढो सेतै फूलेको केश लिएर के सपना लिएर एतिका वर्ष बा“चेका हुन थाहा हुदैन, साच्चै मासिनको जीवनमा  जस्तै ठूलो समस्या परे पनि जिवन भने आफ्नै गतिमा चल्दो रहेछ । चाहे ति अतितका घाउमा पिल्सिएर जीवननै किन न वितोस ।

बुढा राजेशलाई भन्दै गरेका हुन्छन् यो त्यसै समयको घटना हो जब विकाशको रिजल्ट निस्कीयो भनौ विकाशले पहिलो चोटी यस

गाउ“बाट वि.ए. पास गऱ्यो पहिलो श्रेणीमा र सारा गाउँ लगायत आफन्तहरुपनि विकासको यो सफलतामा अति हर्षित थियौ ।

विकाशलाई कमानको साहेबले आश्वासन पनि दिएको थियो वि.ए. पास गर म नौकरी दिलाउने छु भनेर तर विचरा विकाश लाई के थाहा उस्को सफलताले कसैलाई निर्दयी वनाएको, किनभने मन्सिको छोराले विकाशलाई आफ्नो अघि ठूलो भएको हेर्न नसक्ने यसै र जब विकाश वडा सोहबलाई भेटेर खुसि साथ घर फर्कदै थियो साहेबले भोलि देखि नै यस कमानको काम समाल्नु भन्ने अनुमति पनि दिएछन् तर मन्सिको छोरो आगो भएछ एउटा कुल्लीको छोरा ठूलो भएकोमा , वुढा आखाभरि आशु चुहाउदै अघि सुनाउछन, तिनीहरु मिलेर बाटो मै मेरो छोरोलाई कुटेर मारे मेरो विकाशलाई निर्ममतापूर्वक हत्या गरे ............।

बुढा आ“खा छोपेर रुन थाल्छन् यस अघि बोल्ने उसमा केही सार्मथ्य चल्दैन अचानक बुढा रुदै रुदै लड्छन राजेश अत्तालिन्छ हतार हतार वहालाई पलड्डमा सुताएर पानी लिन दौडन्छ तर अफसोस राजेशले पानी ल्याउन नपाउ“दै बुढाले प्राण त्याग्छन् । तब राजेश आवेशमा कराउ“छ “महेन्द्र्र तलाई छाडदिन तैले मेरो साथी र उसको सपना घर सब संहार गरिस” राजेश पागल सरह कराउ“छ गाउ“घरका मानिसहरु सबै दगुर्दै आउ“छन् सब राजेशलाई देखेर हतप्रभ हुन्छन् कारण कसैले पनि राजेशलाई चिन्न सक्दैन । राजेश भने हातमा नाड्डो खुकुरी बोकेर “महेन्द्र म तलाई छाड्दिन” भनेर दौडन्छ ।

भोलिपल्ट चारैतिर हल्ल फैलिन्छ कसैले विकाशको हत्या गरेको तर कसले गऱ्यो त्यो कोही भन्न सक्दैनन् गाउका बुढाहरु भन्छन् विचरा विकाश अकालमै मरेको शायद उसैको आत्मा भडकिएको हुनुपर्छ जब उसको बाबुको चोला उढ्यो र नै उसले महेन्द्रको निर्ममतापूर्वक हत्यो गऱ्यो ।

११– ६ – ९२

# ❖ “क्याम्पस लाइफ”

“साथी आजपनि म कलेज जान्न है” अचानक सरोजले सिरकको चेपबाट बर्रबराउछ उसको साथी महेश जो आफ्नै धुनमा गुनगुनाउ“दै जुत्ताको लेस बा“धिरहेको थियो । झस्किएर प्रश्न गरि पढाउछ किन साथी सन्चो भएन, थाहा छ तिमी कलेज नगएको आज पा“च दिन भई सक्यो ......... ।

मौनता सिवाय केही हुदैन महेश फेरि आफ्नै धुनमा गुनगुनाउन थाल्छ मानौं कमरामा अहिले उ एक्लै छ केही क्षण पश्चात उसको कान फेरि सचेत हुन्छ – “ह“ साथी तिमीले केही भन्दै थियौ ? उ सरोजको ओछ्यान छेउमा पुग्छ” । खै मैले केही भने र ? उल्टै प्रश्न तेर्साउछ फेरि केही संझदै बोल्छ अ“ महेश सरलालाई कलेजमा भेटछस ? “किन न भेट्नु यस्तैहरुको निम्ती त बनिएको हो यो क्याम्पस लाज पचेकी नकचरी हिजो पनि ज्ञानेन्द्रसित लहसिएर हिड्दै थिई खै के के सुनाउ त्यस्ताहरुको विषयमा .......... ।”

महेश फेरि शान्त हुन्छ र आफ्नै धुनमा हराउछ उस्को हातमा अहिले एउटा नोटबु्क हुन्छ र आजको क्लास के के रहेछ नियाल्छ । “उफ पहिले पिरियड नै अफ’ सर अझै आइपुगेको छैन । (हुन त यहा“ सर भएरै पनि क्लास चल्ने हैन उनीहरुलाई तलब भए भइगयो कस्तो त्यस्तो वित्दो छ क्लास लिने, विद्यार्थी पनि आखिर यहि त चाहान्छन् ) अ“ यो चाहि हुन्छ कि त्यही पनि २.४५ म परेछ ओफ । यो कस्तो क्याम्पस हो ........... मलाई त कुन दिनमा यहा“ आएछु जस्तै भई सक्यो । उ आफ्नै धुनमा एक्लै बर्रबराई रहेको हुन्छ ।

अचानक उस्को विषय बस्तु बदलिन्छ र सोच्न थाल्छ ।” हुन त सरलाको पनि के दोष र जब यसरी दिन भरि भरि नै क्लास अफ भएपछि सबैलाई मनोरन्जन त चाहिन्छ नै समय बिताउन ......... । तर पनि सरलाले बुझ्नुपर्ने प्रेम बजारमा पाईने आलु हैन जहिले मन परयो किन्यो

जसलाई मन परायो उही संग घुम्यो । साच्चै आजयो प्रेम शब्द किन यसरी सस्तो बन्दै छ ह“ .........।

यसरी एकोहोरो घोरिएको देखेर सरोजले महेशलाई झस्काउछ महेश ओ महेश हन तिमी लाई के भयो ह“ कलेज न जाने एकोहोरो भएर त्यो कापी हरेको पनि एक घण्टा भई सक्यो “महेश झसंड्ड हुन्छ र अलिक अप्ठयारो महशुस गर्छ “ओहो” एघार बजी सकेछ” उसको मुखबाट एतिमात्र निष्कन्छ  र फेरि मौन बन्छ उता सरोज पनि आफ्नै धुनमा किताबका पानाहरु पल्टाउन थाल्छ  महेश फेरि घोत्लीन थाल्छ । “एता यो सरोज भने अब जिवनमा दोश्रो प्रेम गर्दिन भनेर अडिग रहन्छ । उता सरला उसलाई छाडेर अरु नै युवकसित घुम्न थाल्छे मानौं उ सरोजलाई नचिने झै गरेर सरला कस्ती केटी प्रत्येक सप्ताह जस्तो उसको प्रेमि बदलन्छ शायद यो उसको रुप हो जसको आकर्षणमा हरेक यूवक सहजै उसलाई अपनाउन पनि सकेको ...... ।

महेश, सरोज र सरलासित विताएका दिनहरुको सम्झना गर्न थाल्छ एक दिन उ पनि तिनीहरु सित घुम्न गएको थियो, तिनीहरु यहाको मनोरम स्थान जसलाई सबैले “लवर पोइन्ट” भनेर चिनीन्छ त्यहा“ घुम्न गएको दिनको सम्झना गर्छ , उ अलिक पर एक्लै भूइमा सुतेर आकाश तिर नियाली रहेको हुन्छ तर ध्यान भने तिनीहरुको तिर नै हुन्छ । उसको कानमा सरलाका शब्दहरु  गुन्जन थाल्छन् सरला भन्दै गरेकी हुन्छे ’ सरोज मेरो देवता तिमीबिना साच्चै यो जिवन नै अधुरो छ, यदि तिमी वा मलाई केही भई विछोडिन परे साच्चै सरोज म बा“च्न सक्दिन, सरोज पनि प्रेममा मख्खबन्दै भन्छ “सरला यस्तो नसोच हामी आजीवन एक अर्का देखि छुट्टीने छैनौं । हाम्रो प्रेम अमर बन्ने छ एक मिसाल बन्ने छ .......... ।

तर त्यही यूगल जस्ले स“गै मर्ने स“गै बा“च्ने बाचा बा“धेका थिए । किन यसरी अलग बने अखिर किन ...... ? शायद उ जोडले कराउ“छ आवेशमा आएर र सरोजले उसलाई जोड जोडले बोलाउदै

घचघच्चाई रहेको हुन्छ – "महेश महेश तिमीलाई आज यो के भइरहेको छ ..... के भनेको तिमी कस्को कुरा गर्दै छौं – को अलग भयो तिमीसित को ? महेश छक्क पर्छ र सोच्छ" आज मलाई के भईरहेछ ? शायद साथीको यस्तो दयनिय अवस्था देखेर हुनुपर्छ ।

तिमीहरुमा एक क्षण एता–उताका कुराहरु हुन थाल्छ र अन्तमा महेश कापी च्यापेर बाहिरिन्छ अनायसै उ सम्झन्छ ओ हो आज खाना खान पनि भूलिएछ । "हेल्लो महेष कहा" गयौं विहान ? क्लास आएनौं त ? विजयले कलेजको गेट मै प्रश्न तेर्साउछ । महेश छक्क पर्छ किन क्लास भयो र सर त आउनु भएको थिएन त ? संदेह बोल्छ विजय – "यार क्लास हुदा मात्रै कलेज आउनु त ? खै महेश तिमी त अझै पनि हाई स्कूल को विद्यार्थी जस्तो पो छौ त । यो कलेज हो मित्र कलेज उसको आवाजमा कलेज शब्द निकै जोडले उच्चारण हुन्छ शायद उ स्वयंमलाई कलेजको विद्यार्थी भन्नमा घमण्ड महसुस गर्छ ।

तब अनयासै तिनीहरुको वर्तालाप टुड्डयाउछे मन्जुले जो विजयको हात समातेर तान्दै भन्छे हन दिन भरि गफ मात्रै गर्ने कि ? तब विजय र मन्जु बजारतिर लाग्छन लौ त यार अ नोटस कपि गर ल भरे बेलुका लान्छु शायद हामी क्लास गर्न भ्याउदैनौ होला मन्जु पनि सहमति दिन्छे । महेश अघि लम्कन्छ क्याम्पस भरि जता–ततै हल्लै हल्ला मात्र गुन्जन्छ उ सोच्न थाल्छ ओफ । यो के हाट बजार हो कि सिनेमा हल उ सोझै आफ्नो कक्षा तर्फ लम्कन्छ भर्खरै क्लास संचालन हुन थालेछ त्यहा" प्रध्यापक राजनैति शास्त्रको फण्डा मेन्टल राइट्सको विषयमा लेक्चर दिदै गरेको हुन्छ विद्यार्थीहरु आफ्नै धुनमा आफ्नो शायद फण्डा मेन्टल राइट्सको प्रयोग गरि रहेका हुन्छन् ।

यसरी नै सयम वित्दै गरेको हुन्छ र सबैले आ–आफ्नो जीवनको उपभोग आ–आफ्नै तरिकाले गरि रहेका हुन्छन् । समय वित्दै जान्छ अब फाइनल परिक्षा नजिग आईपुग्छ र महेश पनि कलेज धाउन कम हुन्छ कारण रुममा नै कलेजको भन्दा धेरै ज्ञान हाशिल गर्न सकिन्छ । कलेजमा

त सिर्फ समय फाल्नु मात्र हो आखिर कोर्श पनि त सकियो । यहा“ यस्तै हुन्छ कसैले कसैलाई करलगाउने र वास्तविकता बुझाउने हुदैन आफैले आफ्नो उत्तरदायित्व बुझ्नुपर्छ नत्र यहाको माहोलमा भविष्य विग्रिएको कसैले पत्तै पाउ“दैन आफै सचेत बन्नुपर्छ यसैले त यसलाई कलेज भनिन्छ । विद्यालय न भनेर ।

आज धेरै दिनको अन्तराल पछि सरोज र महेश कलेज जाने तर्खरमा हुन्छ कारण रुटिड्ड र एडमिट कार्ड आइ सकेछ र तिनीहरु लाग्छन कलेज तर्फ, धेरै दिन पछि आएकोले होला कलेजको वातावरण नै अर्को लाग्छ तीन वर्ष विताएको कलेज कता कता नौलो झै लाग्छ, धेरै नौलो विद्यार्थी भएछन् सब अपरिचित झै भान हुन्छ ।

अचानक त्यही विजय देखाहपर्छ उसको साथमा अर्कै नौलो यूवती हुन्छ सरोजले उसलाई देखेर हात हल्लाउछ र केही क्षण एता उताको गफ गर्न थाल्छन् । अचानक विजयले केही संझे झै सरोजलाई भन्छ ..... औं सरोज क्या त हाम्रो क्लासको सरला तिमीसित थियो नि । सरोज विचमै कुरा काट्छ । यार छाडिदेउ ति अतितका घटनाहरुलाई ....... । फेरि विजय भन्न लाग्छ ...। “हैन हैन कहा“ मैले तिम्रो कुरा कोट्याएको हो त उसलाई आज बस स्टयाण्डमा देखेर पो भनेको त विचमा कुरा काट्दै महेश बोल्छ के भयो त आज पनि कुन चाहि सित थिई होला हैन ? विजय अचम्म मान्छ र भन्न लाग्छ शायद तिमीहरुलाई थाहा छैन क्यारे सरला आज भन्दा दुई तिन महिना अघि कलेज छाडेर गएकी पोइल गएकी ..... फेरि महेश कै प्रश्न के आज पनि त्यही केटो सित आई त .....? के हुन्थ्यो सरलालाई लिएर गए पछि बम्बईमा छाडेर एक्लै लापत्ता भएछ शायद यसले बेचेको हुनुपर्छ सरलालाई तर उ बाठी थिई भागेर आईछ । तर किन किन मलाई त त्यसको मगज ठिक लागेन त्यस्ती राम्री केटी आज फा“टेको र मैलो लुगामा एक्लै लमक लमक एउटा गाडी देखि अर्को गाडी तिर चियो गर्दै थिई कसैलाई खोजे झै गरेर ।

अनायसै विजयलाई उ सितै उभिएकी केटीले झस्काउछे महासय के न जाने हो ? न जाने भए म त हिडे लौ तिमी गफ गर्दै गर यति भनेर त्यो युवती अघि बडछे विजय पनि पर्खन मन्जु किन रिसाएकी भन्दै विदा लिएर अघि बढ्छ । महेश फेरि घोरिन्छ साच्चै आजका युवाहरुलाई के भएको छ ह“ । कसैलाई आफ्नो भविष्यको रत्तिभर चिन्ता छैन सब मदहोस छन सब भूलेका छन यही सस्तो  मनोरन्जनमा यसरी एउटा सरलाको जिवन वर्वाद भएको समाचार सुनाउदै अर्की सरलालाई घुमाई हिड्छन शायद यहि हो क्याम्पस लाईफ कि ? ......

१६–६– ९०



# ❖ "न्याहुल आज पनि रोई हिड्छ"

एउटा जंगलको विचमा ठूलो पोखरी थियो, त्यहा हजारौ प्रजातिका चरा चुरुङ्डी र वन्य जनावरहरु मिलेर बस्थे । त्यसै हुलमा एउटा न्याहुल र सु"गा पनि थियो । तिनीहरुको एक अर्कामा प्रगाढ प्रेम थियो । न्याहुल सधैं गाउने र सु"गा भने विभिन्न गितको शब्दहरु सृजना गरथ्यो । तिनीहरुमा मित्रता हुनुको मुख्य कारण पनि त्यही थियो । उनीहरुको मित्रता देखेर सबै जनावरहरु इश्र्या गर्दथे ।

समयको अन्तरालमा तिनीहरु माझ पनि असन्तुष्ट हुन थाल्यो एक अर्का प्रतिको प्रेम भाव, समर्पणको कमि देखिन थाल्यो  एक दिन जंगलको राजाको मृत्य भयो, र अव जंगलको नियम अनसार नया राजाको चयन हने भयो । राजा वनाउन सवै आ आफनो समर्थन जोगाढ गर्न थाले र जंगलमा वर्षौदेखि मिलेर वसेका जनावरहरुमा मत भिन्नता देखिन थाल्यो । राजनितीले जहिलेपनि यस्तै विभाजन ल्याउछ । दैव संयोग न्याहुल चिलको पक्षमा लाग्यो भने सु"गा मयूरको पक्षमा लाग्यो । चिलले आफ्नो प्रतिनिधि स्वरुप न्याहुललाई उठायो तर सु"गा भने मौन सर्मथन झै बस्यो यसै बिच तिनीहरुको मित्रतामा शंकाको विजारोपन भयो, प्रेम खोक्रो भन्यो ।

समय र सागरले कसैलाई पर्खदैन,समयमा भोट भयो भयो मयूरले बहुमत पाएर विजय बन्यो भने चिल पराजित भई आत्मा ग्लानिले अन्यत्रै भागेर गयो – न्याहुल पनि हुलमा मिसिन छाड्यो एक्लै बस्ने भयो, उता सु"गा भने सवैको सहमतमा मन्त्री नियूत्त भयो तर उ दुःखी थियो यस पदमा कारण उसले आफ्नो परम मित्र गुमाएको थियो । सु"गाको लाखौं

प्रयत्नमा पनि न्याहुलको हृदय जित्न सकेन बरु उ स्वयम चिन्ता र दुःखले अस्वस्थ्य भयो, दिन प्रतिदिन उसको अवस्था अझ करुण हुदै गयो । यसै शोकले एकदिन सु“गालाई  अति सतायो उसको उपचारको निम्ति अन्यत्रै पठाइयो, धेरै    चराचुरुङ्डी उसको स्वास्थ्यको कामना गर्न आए तर न्याहुल आएन अब झन अति असहनिय भयो सु“गालाई । उसले अन्तमा मन्त्री पदबाट राजीनामा दिएर देश विदेशको भ्रमणमा निस्कियो उपचार गर्ने निहु“मा, हु“दा हुदा सु“गा धेरै देश घुमेर निकै अनुभव बटुल्दै लोकप्रियता हा“सिल गर्दै गयो र एक दिन सारा पशु पंक्षीले सु“गालाई आफ्नो राजा ठाने तर सु“गा यो सब स्विकार्न असमर्थ थियो कारण उ अति महत्वकाक्षी र न्यायप्रिय थियो यसै र उसलाई राजा हुन उचित लागेन कारण उसलाई मन नपराउने उसकै प्रिय साथी थियो ।

उसको विचारमा फेरि मित्रलाई भेट्ने प्रगाढ चाहना बढ्यो र आफ्नो पुरानो ठाउ“ फर्कने भयो । उसको यहा“ धुमधाम सित स्वागत भयो सारा पशुपंक्षीलाई निम्त्याइएको थियो उसको स्वागतको निम्ति तर त्यहा“ अफसोस न्याहुल आउन सकेको थिएन । सु“गालाई यो सारा स्वागत निरर्थक लाग्यो र उ विलह भई जंगलतर्फ लाग्यो आफ्नो पुरानो साथीको खोजमा ।  खोज्दा खोज्दा जंगल विचमा उस्ले न्याहुललाई एक्लै चुपचाप बसेको पायो । उ अति हर्षित भयो कारण न्याहुललाई उ सित फेरि फर्केर आउने छ उनिहरुको मित्रता यथावत कायम रहने छ तर न्याहुल भने अर्कै भइसकेको थियो लाखौं मनाउदा पनि उ फर्कन चाहेन । उसलाई भिडमा आउन हिम्मत र साहस थिएन कारण उ सोच्दथ्योकि त्यहा उस्को अपमान हुनेछ भनेर, र  आफ्नो अपमान कस्लाई मन पर्दछ र उ त्यहा जाओसे । सु“गाले धेरै विन्ति ग¥यो  संझायो सारा पशुपंक्षीले तिम्रो प्रतिक्षा गरिरेहछन भन्यो तर न्याहुल आफ्नै अंहकार र घमण्डले मातिएको थियो सु“गाको याचनामा उसले व्यग्य देख्यो । अन्तयमा हार भएर सु“गा फर्कियो तर उ अति दुःखि हृदय लिएर त्यस स्वागत सभामा जान सकेन उसले आफ्नो सारा ज्ञान मान, प्रतिष्ठा सारा निरर्थक देख्यो उस्ले आफनै परम मित्रलाई खुशी तुल्याउन सकेको थिएन र आफुले हासिल गरेको

सारा ज्ञान उस्लाई व्यर्थ लाग्यो । उसमा अझै आफूप्रति कमी र असन्तुष्टि पायो र अन्तमा सु“गाले मित्र विछोडको विरहमा आत्मा हत्या ग¥यो ।

यो खवर सारा जंगलमा फैलियो न्याहुलले पनि सुन्यो र अब भने उसको सारा घमण्ड समाप्त भयो बल्ल उसको आ“खा खुल्यो तर अफसोस अवधैरै ढिलो भइसकेको थियो । उसले स्वयमलाई सु“गाको हत्यारा ठान्यो र उसमा भएको कला त्यो सुमधुर गीत सदा–सदाको निम्ति हरायो फलस्वरुप आज पनि न्याहुल वन जंगलमा एक्लै रुदै विहल भएर मित्र वियोगमा लिप्त भएर एक्लै  बन जंगलहरुमा रोई हिडेको देखिन्छ ।



# ❖ “दुइ फूल एक भूल”



आज निलाको निम्ति सारा गाउ“ नै उजाड र उराठीलो भई दिएको छ हुन पनि किननहोस उसको हृदयको एक टुक्रा टुक्रिएर धेरै पर पुगिसकेको छ । आज विहानै देखि शुन्यमा हराएर उ स्वयंमलाई कहा“ कहा“ उडाई रहेकी थिई अचानक आमाको आवाजले उसको तन्द्रा टुटछ आमाबोलाउदै गरेकी हुन्छिन । “निला ए निला हन आज पनि खान खादैनस कि क्या हो पढ्न जान ढिलो भएन ” हतार हतार निला भान्सा घर तर्फ लम्कन्छे सम्पूर्ण बेदनालाई विर्सिएर ।

खाना खाइसकेर आफ्नै कोठामा आउछे र फेरि काल्पनिक संसारमा हराउछे उसको पवनले हिजोमात्र भनेका शब्दहरु उसको कानमा गुन्जन थाल्छ हेर निलु मैले यसरी पढ्न नगए हाम्रो भविष्य अन्धकार हुने छ आखिर तीन वर्ष त हो त्यसपछि त ........... । उ प्रत्युक्तरमा मात्र आशु बगाई रहेकी थिई शायद उ त्यही आशुले पवनको कदमलाई रोक्न चाहन्थि ।

यसरी समय पल पल वित्दै जान्छ त्यस अन्तरालमा दुवै तर्फबाट पत्रको आदन प्रदान भई नै रहन्छ र उनीहरु आफू भित्रका उकुस मुकुस भएका भावनाहरु यहि निर्जिव पाना द्वारा अभिव्यक्त गर्न थाल्छन् । यसरी समय स“गै उनिहरु सम्झौता गर्न सिक्छन् । र आफ्नो कार्यमा व्यस्त हुन्छन तर कहिले का“ही भने नीला फेरि मलिन बन्छे र घण्टौं एक्लै रुममा झोक्राई रहन्छे तर आज भने उ अति हर्षित छे कारण पवनको पत्रमा उसको दशैमा आउने दिन निश्चित भएको हुन्छ उ कोठामा आएर त्यस पत्रलाई छातिमा टासेर निकै बेर एक्लै बोलिरहन्छे मानौं उसको सामु पवन उभिरहेको छ ।

आज पवन आउने दिन विहानै देखि नीला बेचैन छे छटपटाई रहेकी छे उ कस्तो भयो होला मलाई देखेर पहिला उ के भन्छ होला इत्यादि । पवन पनि ठिक समयमा दुई दिनको बाटो गाडीमा विताएर

आईपुग्छ उ निकै पातलो र मलिन देखिन्छ सोझै घरमा जान्छ र आमालाई ढोग गरेर आमसित गफ गर्न थाल्छ बाबु घरमा हुदैनन शहर दशैको सौदा गर्न जानु भएको हुन्छ । केही क्षण पश्चात उ साथीलाई भेट्ने वाहाना गरेर घरबाट निस्कन्छ र सोझै लाग्छ उनीहरुको मिलन स्थलतिर । त्यहा निला बेचैन भएर एक घण्टा अघि देखि नै पर्खि रहेकी हुन्छे । निकै ठुस्किन्छे र घुर्रकाउदै नबोली बस्छे तर कति बेर ......? आखिर पवनको उपस्थितले स्वयमलाई मौन राख्न सक्तिन । तिनीहरु विच लामो गफ हुन्छ र अन्तमा घर फर्कन्छन् ।

तर दशैं र तिहारको छुट्टी वित्न कति समय लाग्दो रहेछर फेरि पवनको फर्कने दिन आउछ नीला लाई छाडेर, कारण उसलाई थाहा छ उसले निलाको निम्ति भएपनि भविष्य सुनिश्चित बनाउनु छ र उ फर्कन्छ । तर कलेजमा एकदिन उस्को सुनिला सित भेटहुन्छ जो उ स“गै पढ्छे हुनत यो पहिलो भेट हैन तर आज तिनीहरु निकै लामो वार्तालाप हुन्छ क्लास अफ भएकोले र उनीहरुको वार्तालापले चाढै एक अर्कालाई आकर्षित गराउ“छ र मित्रमा गा“स्छन यस परदेश ठाउ“मा । कारण पवनलाई दिनरात निलाको यादले सताएको बेला कसैले मिठो बोलिमा बोलि दिंदा पुरुष हृदय न हो एक अर्का प्रति आकर्षित नभई रहन सक्दैन कारण पवनको जल्दै गरेको हृदयमा शितलता पाएको थियो नौलो ठाउ“मा ।

विचरी सुनिला पनि यहि चाहान्थि उ पनि यस ठाउ“मा अपरिचित थिई कोही घनिष्ट मित्र थिएन उसको पनि र उनीहरुको मित्रता प्रगाढ भएर गयो मानौं पवनले घर र नीलालाई केही क्षणको निम्ति भएपनि भूलेर यस वातावरण र अध्ययनमा राख्ने साहरा पाएको थियो भने उता सुनिलालाई यस अपरिचित ठाउ“मा सहारा र एउटा मनमिल्ने साथीको खा“चो थियो ।

यसरी उनीहरु एक अर्कामा निकै नजिग हुदै गए भने उता निलाको याद सयम स“ग टाढो हुन थालेको थियो । यसरी पवनले पनि सम्पूर्ण घटनाहरु सुनिलालाई भन्ने गर्थ्यो तर कहिले पनि निलाको

विषयमा भने बोल्न सक्दैन थियो । कारण अझै पनि उ नीलालाई प्रेम गर्थ्याे । साथै सुनिला पनि पवन सित निकै घनिष्ट भई सकेकी थिई हरेक कुरा उ पवनलाई सुनाउथी र निर्धक्क पवनको डेरामा आउथिई र पवन पनि उसकोमा जाने गदर्थ्यो ।

आज कलेज बन्द थियो र पवन विहान अलिक ढिलो उठ्यो हुन त उ छिट्टो उठ्ने पनि कहिले हो र ? सधै सात त नाघेकै हन्थ्यो । आज पवन जम्मै मैला लुगाहरु निकालेर भिजाउन थाल्यो र कमरा पनि सफा गर्न थाल्यो । चिया नास्ता खाएर अब भने उ लुगा धुन वाथरुम भित्र पस्यो । यसै समय सुनिला पनि पवनलाई भेट्न आइपुगी तर कोठामा पवनलाई नदेखेर फिर्कन लागेकी थिई घर मालिकनिले पवन बाथरुममा भएको जानकारी दिइन र बस्दै गर्न भनेर आफनो काममा लागिन सुनिला पनि सधैं आउने यस कमरामा पवनको अनुपस्थितिमा पनि उ निर्धक्क भित्र पसी र त्यसै टोल्याउन थाली अनायसै उसको नयन सिरानमा रहेको डायरीमा प¥यो सधैं पवनले सिरान मुनि राख्ने आज सफा गर्दा राख्न विर्सिएछ क्यारे सुनिला एक नारी जो सधैं शंकालु स्वभावको हुन्छ विस्तारी त्यो डायरी निकालेर पल्टाउन थालि पहिलो पेजमै लेखिएको थियो “ यो निजी डायरी हो कसैले पनि नहेरी दिनुहोला र तल लेखिएको थियो पवन ।

कसैलाई पनि नगुर्न र नर्हेनु भनेको चिज नहेरी छाड्न मन लाग्दैन त्यही माथि पवनको डायरी जस्लाई उ हृदयबाट चाहन्छे कसरी स्वयमलाई नियन्त्रण गर्न सक्थि र पन्ना पल्टाउन थाली दोश्रो पन्ननामा लेखिएको थियो निलु सधैं तिमी मेरो हृदयमा टासिएर बसेकी हुन्छौं चाहे तिमी जत्तिनै टाढा किन नहोस ......... लाख प्रत्यन गर्र्दा पनि म तिमीलाई भूल्न सक्दिन ......... । तिमीलाई कहिले धोका दिन सक्दिन .......... । सुनिला छा“गोबाट खसे झै भई उसका नयन आ“शुले भरिन थाल्यो तर पनि स्वयमलाई संयम राख्दै पन्ना पल्टाउन थाली एक ठाउ“मा लेखिएको थियो आज म तिमीलाई भूल्न सक्छु कि भनेर सुनिला सित

मेरो जिवनको एक अध्याय गासेको छु । आशा छ तिमीले यस भुलको निम्ति क्षमा दिने छौं .........।

अब उसमा यस अघि पढ्ने सामथ्र्य रहेन हतार हतार डायरी त्यही छाडेर आ“शु पुछ्दै दगुरी आफ्नै डेरातर्फ एता पवनले भने चाल पनि पाएन कि सुनिला आएकी थिई भनेर अचानक सुनिला कलेज पनि आउन छाडी पवन पनि आफ्नै अध्ययनमा व्यस्त भएकालेले उसलाई भेटन जान सकेन यसरी सुनिला कुनै सुचना नदिई बसेको पहिलो चोटी हो नत्र पवनलाई जहिले पनि भनेरै कतै जाने गर्थि एक सप्ताह वित्दा पनि जब सुनिला आइन तब पवनलाई शंका भयो कतै विराम त परिन र आज कलेज पनि नगई सोझै सुनिलाको डेरातर्फ लम्कियो घरमा ताल्चा मारेको रहेछ । निराश मन लिएर पवन फर्कि नै लागेको थियो घरवालीकी छोरीले बोलाई “पवन दाई” पवन दाई यि तपाईको पत्र तपाईसित भेट नभएर दिन पनि पाइन” पवन पत्र लिएर सोध्छ अन्त सुनिला खै नि ए दिदी त घर जानु भएको छ खै कहिले आउने हो थाहा छैन । उ घर तर्फ लागी र पवन डेरातर्फ  डेरामा आएर उसले चिठ्ठी खोल्यो लेखिएको थियो “पवन .... साच्चै पुरुष हृदय कस्तो कठोर हुदो रहेछ आत्मा एउटालाई र फुस्रो प्रेम अर्कोैलाई दिएर बा“च्न सक्ने साच्चै तिमी महान रहेछौं ......... जहा“ अब म अटाउन सक्दिन..... अब उसो म जीवन भर तिम्रो सामु पर्ने छैन । ..... यदि म बाट भूल भए क्षमा ....... । अ मैले निलालाई चिठ्ठी लेखे किन लेखे म जान्दिन तर नलेखि सकिन ......... उसको ठेगाना तिम्रो डायरीमा थियो .......... । ....... मैले तिम्रो डायरी पनिपढे शायद भूल गरे क्यार । ........... तर मलाई लाग्छ मैले भूल गरिन कारण सायममा नै पढेर स्वयमलाई समाल्न सफल भए नत्र ......... दुइवटा ढुगांमा उभिएर कोही नदि तर्न सक्दैन ...... वस अलविदा तिम्रो अभागिन ।

सुनिला

अब भने पवन छा“गोबाट खसे झै भयो र सम्पूर्ण वास्तविकता उ समक्ष आयो यसै विच एक दिन निलाकोबाट पनि पत्र आयो जसमा

लेखिएको थियो । पवन संसार विश्वासमा अडेको हुन्छ जुन विश्वास संहालेर म बसेको थिए अब धेर त्यो विश्वासमा बस्न नसक्ने भए नारीको भविष्य भनि विश्वासमा अडिएको हुन्छ ...... जुन आज ढल्यो मेरो सारा सपना छताछुल्ल पार्नेलाई म शायदै क्षमा गरु“ला म बाबा आमाको इच्छा मुताविक विवाह गर्दैछु ....... तिमी त पढेका धेरै बुझ्ने तिम्रो भविष्य उज्जल छ सुनौलो छ ... पवन सके यस अभागीनलाई क्षमा गरिदिने तिमीले दिएको वचन अुनरुप तिम्रो प्रतिक्षा गर्न सकिन .... आखिर प्रतिक्षा गरेपनि ........ । बस निला ।

पवनले केही गर्नै सकेन परिक्षाले उसलाई छोपेको थियो र मन बलियो गरेर परिक्षाको तायरीमा लाग्यो र अन्तमा कलेजबाट विदाई समारोह सकिए पछि घर फर्कने तयारी गर्न थाल्यो । उ असमन्जसमाथियो र सोच्न सकिरहेको थिएनकि उस्ले जीवनमा के  पायो र के गुमायो भनेर । यहि  दोसाधमा घर तर्फ लागि रहेछ सम्पूर्ण घटना उसको सामु नाची रहेछ घरि निला त घरि सुनिला उसको अघि आएर उसलाई जिस्काइ रहेछ । अहिले उसका हृदयमा एउटा घाउ र दुई दुई वटा प्रहारले आघात भएको छ । गाडी गन्तब्य स्थानमा आएर रोकियो यहाबाट उ रेलमा जानु पर्छ आफ्नो घरतर्फ अचानक उ समान उतार्दै थियो छेउबाट एउटा टेप्पोमा सुनिला एक अपरिचित यूवकसित गए जस्तो लाग्यो, उ स्वयमलाई भुलेर सुनिला सुनिला भन्दै दगुर्न थाल्यो यस भिड र अति व्यस्त सडकमा कस्ले सुन्ने उसको आवाज अचानक एउटा ट्रक आएर उसलाई धक्का दिएर ..... अघि बढयो चारैतिर अन्धकार छायो ।

जब उसको होष खुल्यो उ अस्पतालको पंलगमा थियो र छेउमा थियो एक जोडी बेशाखी उ जोडले चिच्चायो जब उसले आफ्नो हात दाहिने खुट्टामा पुग्यो कारण उसको खुट्टा दुर्घटनामा परेर काटिएको थियो , उसका आ“खाबाट बलिन्द्र आ“शुका धारा बहे नर्स आएर उसलाई सान्तवना दिंदै सोध्यो हेर्नुहोस तपाईको एउटा खुट्टा त गयो ज्यान त गएन ........ तर उसलाई के थाहा ज्यान रहे  पनि उसको बाच्ने साहारा खोसिएको तब उसले नर्सलाई बेशाखी माग्यो र भन्यो नर्स यो वैशाखी हैन नीला र

सुनिला हो नर्सले केही बुझीन चुपचाप बाहिर निस्की पवनलाई त्यही छाडेर
।

# ❖ "मुक सम्झौता"

आज योगेश आएको खवर पाएर होला सुनिता बेलुकापख योगेशको पुरानो घरमा देखाहा परि मनभरि संकोच र हर्ष बोकर । घरको मास्तिरबाट नियाल्छे कतै योगेश बाहिरै छ कि यदि बाहिर रहेछ र उसलाई अकस्मात देख्दा के सोच्ने हो मनभित्र एकप्रकारको रोमान्चक दौडन्छ तर घर निर सुनशान पाए पछि विस्तारी तल झर्छे र झयालबाट नियाल्छे भित्र मंगल आफ्नै धुनमा मस्त खाना बनाउन व्यस्त हुन्छ ।

"मंगल ए मंगल हन सुत्यो कि क्या हो" सुनिताको ठूलो आवाजमा कराउछे वास्तवमा उ आफ्नो उपस्थिती योगेशलाई दिन चाहेको हुनुपर्छ मंगल अत्तालिदै बाहिर आउछ "ए मत योगेश दाई पो आउनु भयो भनेको त । सुनिता, अनि योगेश दाई खोइ नि । खै आउने वित्तिकै एउटा जरुरी काम छ भनेर निस्किएको ............ तपाईको मा त जानु भएन ? अह" सुनिता मुन्टो मात्र हल्लाउदै र भित्र योगेश को कोठा तर्फ बढ्छे र मंगललाई खै गर्छे " हन यो मंगल के साह्रो अल्छे हेर घरभरि माकुराको जालो मात्रै जम्मै भित्ताभरि यो के हो ? मंगल टाउको कनाउदै मुस्कुराउछ मात्र । अनायसै सुनिता एउटा गरुड्ड वस्तुसित ठोगिन पुग्छे हेर्दा योगेशको व्याँग रहेछ खोल्न पनि नभ्याएको सुस्तरी व्याँग उठाउछे र टेबलमा राख्दै सोच्छे खोलु कि नखोलु भन्दै तर मनले जितेर होला एक क्षण पछि व्याँग सुम्सुमाउछे योगेशको छाति झै गरेर र विस्तारी सित नारी हृदयमा उब्जिएको शंका र प्रलोभन बोकेर व्याँगको चैन खोल्न थाल्छे उसका संसकित हात भित्र–भित्र नियाल्न पुग्छ एउटा आशा बोकेर पक्कै पनि मलाई केही ल्याई दिएको हुनुपर्छ भन्दै ।

अह उसलाई त्यस्तो केही छ जस्तो लाग्दैन तै पनि एकटक लगाएर नियाल्न छाडदिन र अन्यासै तल निकै तल केही चिज पैकेटमा भएको अुनभव गर्दै आकार बमोजिम पक्कै पनि साडी हुनुपर्छ मलाई ल्याई दिएको आफै कल्पना गर्न थाल्छे । फेरि संसकित बन्छे हुन सक्छ अरु कसैलाई ल्याई दिएको पो हो कि मनभित्र अमिलो भएर आउछ र त्यसै सिथिल बन्न पुग्छे शायद अरु कै .......... फेरि उसका औंलाहरु सक्रिय

हुन थाल्छ र हातमा पर्छ योगेशको डायरी हतार हतार झिक्छे कारण उसलाई थाहा छ योगेश सधै डायरी लेख्ने गर्छ तर डायरीबाट एउटा चिठ्ठी भूइमा खस्छ सुनिताको ध्यान डायरीबाट चिठ्ठीमा पुग्छ र संसकित बन्दै हतार हतार खोल्छे र विचमा पुगेर अडिन्छे जहा" लेखिएको हुन्छ .......... तपाई आउने खवर सुनेर म बहदै हर्षित छु मलाई अरु केही चाहिदैन बस तपाई सकुसल आइपुग्नु भए मलाई पुग्छ ........।" र अन्तमा लेखिएको हुन्छ बस तपाई कै म अनायसै सुनिताका आ"खाबाट दुई थोपा आ"शु टलपल हुदै पत्रमा झर्दा उ तर्सन्छे उसको आशुले उसैलाई गिज्जायाई रहेको भान हुन्छ र हतार हतार चिठ्ठी डायरी भित्र हालेर बेगसित घर तर्फ सुक सुकाउदै दौडन्छे ।

"मम्मी मम्मी आज किन ढिलो आउनु भयो ?" भनेर प्रेरणाले ढोका मै उभिएर प्रशन गर्दा मात्र सुनिता झस्कन्छे र संयम बन्दै छोरीलाई बोकेर सुस्तरी घरभित्र पाइला चाल्छे भित्र उसकी आमा आफ्नै धुनमा बत्ति कात्दै गरेको हुन्छीन र उ चुपचाप आफ्नो कोठातर्फ लाग्छे र ढोका बन्द गरेर धेरै बेर सम्म एक्लै रुई रहन्छे, अनायसै अतितका घटनाहरु उसका मानसपटमा चलचित्र जस्तै भएर आउ"छ ।

आज भन्दा करिब एघार वर्ष अघि योगेश र सुनिता संगै खेल्ने सं ंगै विद्यालय जाने एकक्षण नछुटिने गर्थे । योगेशको वाबु मात्र थियो र सुनिताको अमालाई आमा जस्तै गर्थाे । तर एक दिन अचानक हृदयगति रोकिएर योगेशको पिताको पनि मृत्यु भयो र योगेश पूर्ण टुहुरो बन्यो । योगेशको यस्तो स्थिति देखेर उ पढ्ने विद्यालयका प्रधानध्यापकले उसलाई सम्पूर्ण पढाई खर्च र खाने बस्नेको जिम्मेवार लिएको थियो । योगेश पनि राम्रै सित पढ्दै गयो र फस्ट डिभिजनमा माधयमिक पास गरेर कलेजमा पढ्न भनि शहर तर्फ लाग्यो एता सुनिता र योगेशको मित्रता समय स"गै प्रेममा परिनत भई सकेको थियो सुनिताले योगेशको हर इच्छामा साथ दिएर हौसला बढाएर अघि बड्न सहयोग पु¥याई रहेकी थिई । अचानक एक दिन सुनिताकीआमा र मामाले जर्वरजस्ती सित सुनिताको विहे गराई दिई गाउ"कै एउटा ठिटो सित

कारण गाउभरि हल्ला फैलिन थालेको थियो उनिहरुको प्रणय गाथाको । तर भाग्यको विडम्बना सुनिता त्यस केटोको कूलत र दिनरातको रक्सि पिउने र योगेशको रख्याल भन्दै कुटने गरेकोले हार खाएर माइतमा नै आएर बस्न थालि यहि आएपछि प्रेरणाको जन्म भयो । आमाले पनि छोरीको पिर र दुु्ःख संझेर लोग्ने सित जान बाध्य गराउन सकिनन् ।

यता योगेश भने सुनिताको विवाह पछि अर्कै भई सकेको थियो सबै संग रुखो व्यवहार गर्ने र राम्रै कुरा गर्दा पनि झर्कने उसको स्वभाव नै भई सकेको थियो तर दुःख सुख आफ्नो अध्ययन भने जारीनै राखेको थियो ।

एक दिन फेरि सुनिता माइत मै आई भन्ने सुनेपछि उ भित्र कताकता एक प्रकारको उमड्ड छाएको थियो र एक विहान उ त्यसै आगनको ढिलमा बसेर के के सोच्दै थियो सुनिता आइपुगी "योगेश योगेश " हन घरमा छैन कि क्या हो । सुनिता आगनमा आइपुग्छे र देख्छे योगेश च्यापुमा हात राखेर एक्लै के के सोचि रहेको ।

सुनिता फेरि प्रश्न गरि पढाउछ ेहन विसन्छो भयो कि कसो , निधाउरो देख्छु त ? योगेश हैन सुनिता केही भएको छैन त्यसै अतितका घटनाहरु संम्झदै बसेको ....... ।

"पक्कै पनि तिमी मलाई केही लुकाउदै छौ भनन योगेश के भएको छ तिमीलाई प्लीज ।" खै के भनौ यो वि.एस्सी को अन्तिम वर्ष हो पढाईको चापाचापमा केही काम गर्न भ्याउदिन फेरि भएन प्रेक्टिक परिक्षा दिन युनिभरसिटी जानु पर्छ खानु बस्नु खै कसरी पु¥रायाउनु शायद अधुरै हुन्छ होला योगेश लामो स्वास छोड्छ । ए यति जाबो सानो कुरामा तिमी सुर्ताएको हेर योेगेश तिमी अप्ठ्यारो मान्दैनौ भने यो वर्षको सम्पूर्ण खर्च म हेर्छु बस तिमी निश्चिन्त भएर अध्ययन गर ..........."तर सुनिता तिमी .........." हैन योगेश तिमी केही प्रश्न नगर म जसरी भएपनि खर्च मिलाउने छु । "त्यति भनेर सुनिता हतार छ भन्दै घरतिर लागि र केही क्षण पश्चात दुई सय लिएर आई र योगेशको हातमा

राख्दै हेर योगेश तिमी आफ्नो अध्ययन अघि बडाउ म ..... योगेश भाव विहल भएर सुनितालाई अंगालो हालेर रुन थाल्छ ........ ।  त्यसपछि सुनिता नियमित दुःख सुख अरुको घरमा काम गरेर भए पनि योगेशलाई पैसा पठाउन थाल्छे एउटा उज्जल भविष्यको कल्पना गर्दै । योगेशलाई कहिलै पैसाको अभाव हुन दिदिन । समाजले सुनितालाई कत्ति लान्छना लाउछन्न तर उ केही पर्वाह गर्दिन । अन्तमा योगेशको अध्ययन समाप्त हुन्छ उ चारैतिर अन्तरवार्ताको निम्ति दौडन थाल्छ अझै सुनिताले उसलाई हौसला दिदै जान्छे र एक दिन योगेश खुशि हुदै आउछ र सर्वप्रथम यो खुशीको खवर उ सुनितालाई सुनाउन दौडन्छ कारण उसले शहरमा काम पाउ"छ एउटा हाईस्कुलमा शिक्षकको ।

सुनिता आज हर्ष र विदाईको आशु चुहाउदै योगेशलाई विदा गछर्,ै र त्यसपछि नियमित योगेशवाट प्रत्येक महिना उसको नाममा पैसा र चिठ्ठी आउन थाल्छ । वर्षमा एक दुई पटक उ स्वयम पनि गाउ" आउछ र केही दिन विताएर शहर फर्कन्छ । यसरी नियमित रुपमा सुनिताको नाममा पैसा आउछ र सयमको अन्तराल संगै चिठी र योगेश गाउ आउन कम हुदै जान्छ । आज करिब तिन वर्षपछि योगेश गाउ" आएको हुनुपर्छ । सुनिता अतित देखि वर्तमानमा फर्किन्छे र विस्तारी उठेर व्याग भित्र बाट योगेशले पठाएका सम्पूर्ण चिठीहर र मनी अर्डरका स्लिपहरु नियाल्न थाल्छे , सबै भन्दा नौलो स्लिप मात्र २२ दिन अघि आएको हुन्छ उसको नाममा रु सात सय लेखिएको हुन्छ तल तिर यसरी सम्पूर्ण अतितका घटनाहरु सित रुदै रमाउदै उ चिर निद्रामा पर्छे ।

भोलिपल्ट विहान उसलाई निद्राले चाडै छोडदैन र ढिलो उठ्छे छोरी आमासित स्कूलतिर लागि सकेको हुन्छ उ गरुड्ड मन लिएर धारातिर गाग्रो बोकेर जान्छे । त्यही उसको भेट मंगलेसित हुन्छ । मंगले सुनितालाई देखेर अलिक अप्ठायारो मान्दै भन्छ  । "सुनिता दिदी हिजो राती योगेश दाई ११ बजे तिर आउनु भयो र साथमा सरला दिदी पनि हुनुहुन्थ्यो । दाज्युले भनेको उनहिरुको विहे गरेर आ को रे "।

सुनिता यसपछि  केही सुन्न सक्दिन उसको चारैतिर कालो बादलले ढाकेझै हुन्छ र उ चेपारो गल्लीको भिरालो बाटोमा मुर्छा परेर त्यसै मुडा लडे झै लड्न पुग्छे मंगले जोडले चिच्चायाउछ "सुनिता दिदी" सुनिता दिदी  भने तल तल मडारिदै लडदै गरेकी हुन्छे ।



## ❖ "जिन्दगी : एक अभिषाप"

"अनि उसले लामो सुस्केरा छोडेर चुप लाग्यो । मैले हातको घडी हेरे रातको एक बजिसकेछ । बल्ल थाहा" लाग्यो मलाई निद्राले पनि सताउदै रहेछ, उ उठेर लाल्टेन बोकेर बाहिर निस्कयो म रातको अन्धकारमा त्यसै टोलाउन थाले ।

हो म यस गाउ"मा आएकै दिन देखि उसको पियानोको धुन सुन्न थालेको आज त लगभग सात वर्ष जति विति सकेछ यस धुन सुन्दै आएको पनि। यो धेरै टाढा देखि आउदैन थियो म बसेकै घरको छेउमा भएको एउटा भव्य महल जस्तो घर जसलाई हेर्दा मानिस नवसेको जस्तै देखिन्थ्यो त्यहीबाट आउथ्यो । त्यसरी नै सुन्दा सुन्दा मेरो एकान्त जीवनमा यस धुनले धेरै प्रभाव पारि सकेको थियो र नै मैले उसको नाम ठेगाना पाउन सफल भएको थिए ।

उसलाई सबैले पुरणवावु भनि सम्बोधन गर्थे र उसको विषयमा कसैले एउटै कुरो भन्न सक्तैन थिए मान्छे पिच्छेको कुरा सुनिन्थ्यो उसको विषयमा, तर मेरो मनमा भने एउटै खलबली रहन्थ्यो उ को होला किन एक्लै बस्छ ? ..... यस्तै हजारौं प्रश्न तेर्साउथे आफैमा र यसको समाधान गर्न असफल प्रयास गर्थे ।

मेरो एकान्त तर व्यस्त जिन्दगीले गर्दा यस विषयमा जान्ने अरुकुनै सफलता पाउन सकेको थिइन कारण विहान उठेर पकाउन र खान मात्र भ्याईन्थ्यो बेलुकी अफिसबाट आएर पनि त्यसै गर्न मात्र समय पाउथे तर मेरो एक्लो जिवनको विषय लिएर थोरैले धेरै प्रश्न राखे कतिले त सुझाउ र उपदेश पनि दिए घरजाम गरेर बस्नु अव कति एक्लै वस्ने राम्रै काम धन्धा छ भनेर तर आफु सानै देखि अनाथ आश्रममा हुर्किएकोले आज पनि यस संसारमा एक्लो बस्न मन लाग्छ र बस्ने पनि छु । तर यहा" आएदेखि रात्रिमा आनन्दको अनुभव गर्न थालेकी छु त्यो हो यही सुमधुर धुन जो रातको अन्धकारलाई चिरेर धेरै बेरसम्म गुन्जिन्छ ।

दिनहरु वित्दै गए महिना र वर्षहरु पनि वित्दै गए तर यो धुन र मेरो एकान्त जिवन भने सदा रहि रहयो साथै मेरो त्यस वाधकलाई भेटने प्रयास पनि त्यसै अल्झिरहयो । मानिसले चाहेको कुरो पूरा गर्न नसके मरे पनि आत्माले शान्ति पाउदैन भने झै मैले पनि त्यस मासिनलाई  नभेटेसम्म मेरो हृदयल  कहिले तृप्त हुदै भन्ने अनुभव काटी सकेको थिए र नै आज यतिका वर्षहरु वित्दा पनि उसलार्य भूलन सकिन बरु एउटा चाहना भने सदा अल्झिरहयो र त्यस चाहनालाई आज भने सकार तुल्याउन सफल बने ।

आज आइतबार सप्ताह भरिको सर सामन जोगाड गर्ने र आराम गर्ने दिन म पनि आफूलाई चाहिने ेसबै कुरा बन्दोवस्त गरिसकेर साथै घरको काम पनि सबै सकेर पुरुण बाबुलाई भेट्ने इच्छा लिएर दिनको ३ बजे तिर झरे उसको घरतिर उसको घर तिर ठूलो गेट खोलेर त्यस भित्र प्रवेश गरे चारैतिर जंगलै जंगलले भरिएको र धेरै पुरानो भई सकेको घर देखे त्यसको वरिपरि कोही कोही थिएन सब सुनशान एकान्त । सरासर अघि बडे उसको घरको सामु आएपछि उभिए उसको संगीतको धुन निस्कने समय भएछ क्यारे पियानोे बज्न थाल्यो त्यस एकान्त र निर्जन वातावरणलई चिन्दै ।

म केही सजग भई घर भित्र प्रवेश गरे र एक दुई पल्ट उसको नाउगरि सम्बोधन गरे, केहि क्षणपछि पियानोको आवाज बन्द भयो साथै दैलो उघ्रियो मलाई देखेर उनी केही श्तब्ध भए तर केही क्षणमै सजग भई मलाई घर भित्र आउने अनुरोध गरे । म पनि सरासर उ भएकै ठाउ"मा पुगे अनि उसको पछि पछि घरभित्र प्रवेश गरे ।

एक क्षण सम्म एता ...उताको कुरो भएपछि मैले यहा" आउने मूल कारण बताए । पुरणबाबु एक छिन टोलाउन खोज्दै साथै असर्मथता प्रकट गर्ने प्रयास गर्न थाले तर मेरो एकोहोर पनाले गर्दा हार भई उ भन्न थाल्छन् ।

यस ठाउ‘‘मा आउनु भन्दा लगभग ३० वर्ष अघिको कुरो हो हाम्रो परिवार धेरै धनि र सम्मानित परिवार थियो । सबैले मलाई मुखिया‘‘ बाबु भनि सम्बोधन गर्थे साथै त्यस ठाउ‘‘को सबै कुरोको भर म माथि नै थियो त्यति मात्र नभएर त्यहा‘‘को सबै कुराको अभिभारा समाल्न पथ्र्याे हामी परिवारमा केवल चार जना मात्र थियौं म मेरी स्वास्नी र दुई भाई छोरा त्यस समय हाम्रो जिवन एक प्रकार ऐश्वर्यपूर्ण थियो तरै पनि लोभले लाभ, लाभले ......... । भने झै हाम्रो उन्नतिमा पूर्ण रफ्तार आउन थाल्यो मैले दुई भाई छोराको खुशीको निम्ति सारा धन दौलत थुपारी सकेको थिए । तर त्यस समय मैले यो कदापी सोचेको थिइन कि मैले कमाएको धनले गर्दा कति गरीब दुःखी भोक भोकै मर्नु पथ्र्थाेहोला भनेर । तर मलाई ती सबको केही वास्ता थिएन धनले मानिसलाई अन्धो बनाउछ भनेको ठिकै हो रहेछ । त्यस समय मलाई पनि धनले अन्धो बनाएको थियो । र मेरा छोराहरु पनि त्यस्तै भएर निस्किए नैतिक शिक्षा भने कहिले सिकेनन् र उनीहरुको चर्तिकला बड्दै गयो र एक दिन त्यसको अन्तिम रुप लियो जस्ले हामीलाई कहा‘‘ देखि कहा‘‘ ल्याई फ्याक्यो ।

यति भनि सकेर पुरणबाबुले एक क्षणको निम्ति चुप भए । अहिले उनी दार्शनिक झै भावुक भएका थिए धेरै टाढा पारि क्षितिजमा आफ्नो अस्तित्व खोजे झै के के खोजि रहेका थिए । त्यसपछि उनी भावुक झै बोल्न थाल्छन् । कुनै कुराको पनि सिमा हुदोहरेछ, त्यस सिमा नाँघे त्यसले सारा संसार खोतल्दो रहेछ । त्यसरी नै अत्याचारको पनि सिमा नाघिसकेको रहेछ र नै भुकम्प र ज्वालामुखी एकै चोटी पड्कन सक्यो । त्यहा‘‘ देखि के भयो मेरो छोराले अर्काको छोरी चेली माथि अमानविक अत्यचार गर्दोरहेछ तर ती गरिब जनाता जो चुप थिए अब चुप बस्न सक्ने क्षमता नाघि सकेकोरहेछ र नै सारा जनताले अचानक मेरो छोरा माथि प्रहार गरे र उसलाई त्यही यस संसार देखि सदाको निम्ति विदा गराई दिए साथै तिनीहरुले हाम्रो घरमा समेत केही राखेन जस्ले मेरो प्राण भन्दा प्यारो स्वास्नी समेतलाई यस दुनियामा बस्ने ठाउ‘‘ दिएनन् म र कान्छो छोरा भाग्यवश त्यस ठाउ‘‘ देखि भाग्न सफल भयौं र भागेर यस ठाउ‘‘मा आयो. । आफूसंग लिएर आएको अलिकता

पैसाले यस घरलाई बनायौं र केही वर्ष पश्चात कान्छो छोराको पनि विवाह गरिदिए“ ।

तर भाग्यमा अझै ठूलो आघातहरु सहनु पर्ने बाध्यता रहेछ विवाह गरेकै एक पर्ष पश्चात मेरो एउटै निशानी त्यस छोराको पनि मृत्यु भयो उसको मृत्यु भएकै केही महिना पश्चात एउटा नातीको जन्म भयो तर अभागीको भाग्यै खोटो त्यस शिशुलाई लिएर बुहारीले पनि मलाई छाडी कता गई कता आज सम्म केही पत्तो छैन मैले त्यसलाई खोज्न के नै गरिन तर हात प¥यो सदा असफलतामा कारण मलाई आफ्नो वंश जोगाउन थियो आफ्नो रगतलाई यस धर्तिमा बा“च्न दिन पर्ने थियो र नै मैले त्यसलाई खोज्न धेरै प्रयास गरे तर ........ उ भन्दै जादै थियो “मेरो एक मनले त सोचे जस्ले मेरो परिवारको यस्तो दुर्रदशा बनायो तिनीहरु सबैलाई समाप्त पारिदिउ भनेर तर आफैले आफैलाई संझाए यत्रो त भयो भने अझै किन पापको सागरमा डुब्नु कारण यदि पहिले आफूले राम्रो सित बस्न सकेको भए र आफ्नो छोराहरुलाई राम्रो तह लगाउन सकेको भए यी सबै घटनाहरु हुने थिएन तर म अब यस्तो भई सकेपछि किन प्रतिशोधको ज्वालामा पिल्सिएर यस जीवनलाई दलदलमा डुवाई राख्नु बरु मर्छु त आफ्नै पश्चातापको आ“गोमा जलेर किन अरुलाई जलाएर मार्नु ।

यति भनि सकेर उस्ले कोटको गोजीमा हात हालेर एउटा पुरानो फोटो निकालेर म तर्फ बढाउदै भन्छ “यि यहि हो मेरो कान्छो छोरा र बुहारी मैले फोटो किन राखेको भने देखि कुनै दिन मैले मेरो बुहारी नभए नातीलाई भेटे यहि देखाई भन्ने छु कि यहि हो तेरो बुवा भनि ।”

मैले त्यो फोटो हातमा लिएर राम्ररी नियाल्न थाले कता कता यो फोटो परिचित नै लाग्यो  अनि राम्ररी सोच्दा कता कता सानोमा मेरी आमा मर्ने बेलामा मलाई एउटा फोटो देखाएर भनेकी थिईन यि हेर तेरो बाबु जो जन्मन भन्दा अघि नै मरी सकेका थिए । यो राख कुनै दिन भाग्यले साथ दिए र यस फोटोलाई चिने तेरो बाजेलाई भेटन सक्ने छस

.... । त्यो बाक्यहरु संझदा कता कता मेरै बाबु आमाको फोटो हो कि जस्तो लाग्यो तर हो भने पनि म कसरी भन्ने कि मनै हराएको नाति हो भनेर त्यस पुरण बाबुलाई ।

म त्यो फोटो च्यापेर बसी रहेको हुन्छु त्यति खेर उ पनि उठेर लालटेन बोकेर बाहिर निस्कियो म रातको अन्धकारमा त्यसै टोलाउन थाले । आफु टुहुरा भई बाचेको जीवन र यी पुरणवाबु आफनै सामु उभिदासमेत म नै हु हजुरको नाती भन्न नसक्नुको वाध्यतामा कसरी बाच्नु र के भनी सहानुभुति दिनु वहालाई  जो पश्चातपको आगोमा सल्किएर वाचि रहेका छन् ।

(ध्रुव ११.३० रात्री)

## ❖ "शायद यसैलाई जिवन भनिन्छ ।"

जिन्दगी कति जटिल परिस्थितीको चेपारोमा अधमरो बा"चुन्जेल चेप्टीएर बाच्न विवस छ । यहा" कस्ले के पाएको छ । हो हुनत यहा" केही नपाउने पनि कोही छैनन अवश्य नै तरै पनि मानिसको चाहना , इच्छा कति अनौठो छ कस्ले बुझ्न सक्छ ? एउटा प्रश्न सधैं जिवनमा दोहोरिरहन्छ मानिस बा"चेको किन ? हो जस्ले ठूलो ठूलो सपनाहरु सजाएको छ जिउनुको एउटा छुट्टै अस्तित्व छ , तिनीहरु त्यही हासिल गर्न ज्यान समेत जोखिममा हालेर बा"चेको हुन्छ तर जसको कुनै ठूलो इच्छा आकांक्षा छैन तिनीहरु ? प्रकाश आज विहानै देखि आफ्नै जिउनुको उदेश्य के हो खुट्याउन नसकेर एसै आफैलाई एकमाथि अर्को प्रश्न र जिज्ञाशाको प्रहार गरि रहेको छ । तर समाधान भने शुन्य सिवाय केही पाउन सकेको छैन । आज उ आफ्नो अति घनिष्ट साथीको आकस्मिक मृत्यको कारणले मर्महात बनेको छ । उसको अघि चलचित्रका दृश्य सरह अतितका पानाहरु पल्टन थालेको छ र उ त्यसैमा विलिन हुन पुग्छ ।

प्रकाश र राजेश एउटै कलेजबाट अंग्रेजी साहित्यमा वि.ए. गरेर निस्किएको र भाग्य भनौं या जिवनको गोरेटोले उनीहरुलाई आ–आफ्नो बाटोतिर हिडाएको थियो । प्रकाश क्रमश पढ्दै गयो विश्व विद्यालयमा र राजेशले आफ्नै बाबाले चलाएको धन्धामा हात बाट्न थाल्यो । राजेश आफ्नो कार्यमा एति एकोहोरो भयो कि उसले दिन प्रतिदिन उन्नति गर्दै गयो र हालै उसकोमा के छैन । कपडा उद्योग त उसको पुर्खेनी पेशा नै थियो हालै शहरमा भव्य होटल खोलेको छ र विदेश यात्रा त उसको निम्ति सौधा पात गर्ने हाटबजार जस्तो भएको छ । भाग्यले उसलाई अति सम्पन्न बनायो । जिवनमा चाहिने हरेक भौतिक सुखको उपभोग गरेको थियो ।

एता प्रकाश हाल सालै मात्र एउटा कलेजको प्रध्यापक भएको उसकोमा पनि केही कुराको कमि छैन कति सुखी जीवन यापन गरिरहेको

छ । एउटी छोरी छे दार्जिलिङ्डमा कन्भेन्टमा भर्ना गराएको छ, जीवन साथी पनि कलेजमा एउटै कक्षामा पढ्ने दाम्पत्य जिवन कति आन्नद छ ।

यस्तै एकदिन प्रकाश कलेज जादै थियो उसको अघि एउटा निलो कार आएर रोकियो तर उ वास्तै नगरी अघि बढ्छ पछि बाट आवाज आए जस्तो लाग्छ प्रकाश, प्रकाश उ एकपल्ट पछि फर्किएर हेरि पठाउछ गाडी भित्रबाट कसैले उसैलाई हातको इशाराले बोलाउदै गरेको हुन्छ । त्यति नै खेर गाडीको ढोका उघ्रन्छ र एउटा युवक उ तिर बढ्छ हेलो प्रकाश अन्त कस्तो छौं त । प्रकाश राम्ररी नियालेपछि अरे , राजेश तिमी यहा" कताबाट आयौं हेर न यहा" एउटा होटल खोलौं भन्दै छु र साईट हरेर आएको यस शहरमा एउटा गतिलो होटलको निकै आवश्यकता छ कति ठूलो पर्यटक केन्द्र बन्दै छ यो र याहा" यसो लगानी गरियो भने एक दुई पैसा ... । खै तिम्रो त यो पैसा कमाउने भूत चढेको छ कि कसो अन्त विहे ग¥यौं त प्रकाशको प्रश्न ।

अ अस्ति भर्खर १ वर्ष हुदै छ गरेको साथी माफी पाउ" है तिम्रो ठेगाना नभएर बोलाउन सकिन हुन त तिम्रो घरमा खवर पठाएको थिए तर त्यहा" पनि अब त केही रहेनछ के एतै आयौं ? तिमीहरु सबै । अ" यही छौं हामी बजारमा त्यस पछि उनीहरु छुट्टिन्छन कारण प्रकाशको कलेज ढिलो हुन लागेको थियो । त्यसपछि तिनीहरुको भेट दिनहु" हुन थाल्यो पुरानो मित्रता अझ कसिलो भएर आयो ।

प्रकाश फेरि घोरिन थाल्यो राजेशले कलेज पढ्दा जस्तो भन्थ्यो त्यस्तै भएर गयो कत्रो ठूलो महत्कांक्षी थियो त्यो त्यसैले जिवनमा पाएको सम्पूर्ण सुख पाएको छ उसले हरेक ठूलो महत्वकांक्षा थियो, त्यो त्यसले जीवनमा पाएको सम्पूर्ण सुख पाएको छ उसको हरेक इच्छा पूर्ण भएको छ उ गर्व गर्छ आफ्नो मित्रप्रति जिवनमा मानिसले सधैं उच्च आकांक्षा र विचार राखेर हिड्नु पर्छ लक्ष्यमा अवश्य पुगिने छ ।

आज अचानक रातको १ बजे प्रकाशको घरको फोनको घण्टी बज्यो हतार हतार उठेर फोन उठाउछ र उ त्यसै ओछ्यानमा लहराले सहारा नपाए जस्तै लरवराएर भुईमा थचक्कै वस्छ र कोहोरो घोरिन थाल्छ । हिजो त हो राजेश सित होटलमा स“गै खाना खाएको आज अचानक के भयो उसलाई उ आफैलाई नियनत्रण गर्न सक्दैन र हतार हतार लुगा फेरेर राजेशको घरतर्फ प्रस्थान गर्छ एक्लै ।

त्यहा“ मानिसको भिड लागेको हुन्छ कोही रोइरहेको हुन्छ कोही एकान्तमा चुपचाप बसेको र छेउमा देख्छ एउटा लाश कपडाले बेरेर भूइमा सुताएको उ सजग बन्छ हेर यो राजेश कै लाश हो उ अघि बढ्न पनि सक्दैन घरमा फर्कन पनि सक्दैन त्यही भुईमा थचक्क बस्छ राकेशको बहिनी आएर प्रकाशलाई अंगालो हालेर रुन थाल्छे बहिनीको क्रन्दनले प्रकाशको आ“खा पनि रसाएर आउछ र उसलाई फकाउन असफल प्रयास गर्छ, बहिनी भने झन जोड जोडले रुन थाल्छे । उसलाई वास्तविक घटनाको ज्ञान हुन्छ र सोच्न थाल्छ राजेशलाई किन यस्तो पैसा कमाउने भूत लाग्यो किन उ दिन रात एक गराएर खट्छ आखिर किन ? उ आफ्नै प्रश्न भित्र जकडिन्छ उत्तर भने केही पाउदैन । राजेश यसरी रात विरात पैसा लिएर घर किन फर्कनु प¥यो भोलिपल्ट गएपनि त हुने । उ केही आवश्यक सामान किन्न अर्काे शहर गएको थिएछ । आउदा यति रात भएछ आखिर उ त्यही बसेर भोलि पल्ट आएको भएपनि त हुने । एक दिन ढिलो भयो त के वित्ने थियो र यसरी रात विरातमा हिड्दा त्यसै सडकमा ज्यान गुमाउनु त पर्ने थिएन ।

तब फेरि स्वंयमा हराउन पुग्छ प्रकाश , त्यो जिवन कति निरर्थक रहेछ आज तेरो मेरो भनेर हिड्दा भोलि यो शरिर मुर्दा भए पछि विसाय एक भारि दाउरा र माचिसको सिन्का सित जीवन साटेर आउनुपर्छ । तब उसलाई लाग्छ यहा“ ठूलो ठूलो सपना सजाउनु इच्छा आकांक्षा जन्माउनु सब निरर्थक लाग्छ फेरि पनि मानिस यसैको पछि पुग्न चाहन्छ कोही पछि पर्न चाहदैन यसैले यो जिवन सदा गतिशिल भएर दगुरी रहेको छ , दगुरी रहेको छ अनि भविष्यमा पनि यो यसरी नै दौडिरहेने छ युगौं युग सम्म पनि ।

# ❖ "जीवन परिक्रमा "

हैन भाई मेरो विषयमा जानेर पनि आखिर तपाईले के पाउनु हुन्छ र ? म उसलाई फेरि पनि आग्रह गर्छु उसको विषयमा जान्न र भन्छु "हैन दाई किन–किन तपाईलाई देखेर एक प्रकारको नमिठो लागेर आउछ र यो मन किन किन मान्दैन कि तपाई यसरी वर्वाद होस। किन तपाई यसरी दुःख गरेर मरि मरि बोकेको भारिको जम्मै पैसा यस जाडै रक्सिमा वर्वाद गर्नु हुन्छ आखिर किन ?"

उ केही बोल्दैन त्यसै टोलाए झै गरेर एता उता हेरि बस्छ तर मेरो एकोहोरो आग्रहले गर्दा उ बोल्न थाल्छ । "भाई शायद तिमीलाई विश्वास नलाग्ला जति बेला म मात्र चार वर्षको थिए मेरो बुबाले मलाई टुहुरो र आमालाई विधुवा बनाई जानुभयो । यस संसार देखि हुन पनि क्षयरोगको शिकारले उन्को शरिर हैन तर हड्डीको थुप्रो जस्तो मात्र देखिन्थ्यो रे मलाई त त्यति याद पनि आउदैन भाई शायद तपाइले देख्नु भाकै होला पर बजारमा साहिला बाजेको दोकान त्यो हाम्रै थियो तर के गर्नु असहाय भएपछि । म पनि सानो थिए आमा पनि एक्ली र आफ्नै काका भनाउदोले खोसेर लग्यो हाम्रो जम्मै सम्पत्ति र हामीलाई यसरी बेहाल बनाई दियो कहा" जाने आमाको पनि कोही आफन्त थिएनन् शायद भएपनि के नै गर्थे होलान र ।

उ एक क्षण चुप लाग्छन् र भट्टी पसलबाट ल्याएको कोदोको जाँडमा पानी थप्छन् म चुपचाप सुनिदिन्छु एउटा पिरामा बसेर उ फेरि छेउमा आएर बस्छन र भन्न थाल्छन् भाई खै के भनौं र यो समाजले पनि हामीलाई कहिले राम्रोसित बाच्न दिएन एउटा घरमा भाडा लिएर बसेका थियौं त्यहा"बाट पनि निकालि दियो र त्यसै यता उति डुल्दै जिवन बचाउन बाध्य हुनु प¥यो यस्तै छ यो समाज जहा" सोझा र असहायले बाच्न पाइदैन भाई या त केवल पैसाको इज्जत छ बरु एउटा गल्लीको कुकुरले आराम सित एक छाक खान र सुत्ने ठाउ" पाउछ तर हामी जस्तो गरिबले यहा" बा"च्न साह्रो पर्छ भाई साह्रो पर्छ । पैसाले त यहा" मानिस

चोर गुण्डा वेश्या हुन बाध्य हुनु पर्छ यो आभाशे पेटलाई मार्न यहा“ त्यस्ताहरुले इज्जत पाउलान तर इमान्दारी  साथ म जस्तो कुल्ली काम गर्नेले यहा“ सधैं ठगिनु र हेपिनु पर्छ । यति भनि सकेर उ लामो सास फेर्छ उसको सुकि सकेको शरिरलाई भिजाउन होला ढुङ्ग्रोमा मुख गा“डेर तान्न थाल्छ म केही भन्न सक्दिन मानौं मेरोमा बोल्नु पर्ने शब्द भण्डार नै रित्तीएको छ र लामो सुस्केरा तानी दिन्छु उसको अतितको कथा सुनेर अनि पराजित खेलाडीले झै भुईमा जुत्ताको टुप्पोले हिर्काउदै त्यसै टोलाई रहन्छु अनि केही क्षण पश्चात टाउको उठाएर उसको कोठाको निरिक्षण गर्छु त्यहा“ मात्र एक दुई वटा फाटेको वेरा झुण्डिएको हुन्छ । एउटा कुनामा सानो चुल्हा त्यस्कै छेउमा एउटा मात्र डेक्ची र आधा चोइटिएको कराई अनि एउटा थाल त्यति मात्र देख्छु उसको चुल्हामा । एक कुनामा शिवजीको फोटो झुण्डिएको र त्यस्कै छेउको डोरीमा केही पुराना कपडाहरु झुण्डिएको । छानातिर हेर्छु ठाउँ ठाउँबाट तारा टलपलाई रहेको र सोच्छु विचरा पानी पर्दा कसरी सुत्दो होला ।

उसको आवाजले म फेरि सचेत बन्छु र सुन्न थाल्छु उ बोल्दै जान्छ यसरी समाजले लत्याएपछि मेरो आमाले के  के गर्नु परेन होला र मलाई बचाउन को निम्ति शायद म उसको भविष्यको साहारा बन्न सक्छु भनेर होला यसरी शहरको सुन्दर कोठा देखि अचानक एउटा दुर्गनधले भरिएको एउटा कोठामा बस्न बाध्य हुनु प¥यो शायद यसैलाई गरिबी भन्दा रहेछ र मेरो बाल्यकालमा पनि त्यहीको दुर्गन्ध र फोहोर मैेलासंग अल्झिएर होला त्यस्तै फोहोर र गन्धगीको जीवन विताउनु परेको छ । म संगैको साथीहरु पाठशाला जांदा म बोरा बोकेर शहरको कुना कुना चाहार्न थाले यस आभाशे पेटको समस्यालाई बोकेर हामी र गल्लीको कुकुरमा केही भिन्नता थिएन  कारण गल्लीको कुकुर संगै हामी पनि ट्रकबाट फ्याकेको फोहोर मेलामा कुदेर जान्थ्यौं केही खाने कुराहरु र बेच्ने कुराहरु पाइन्छ कि भनेर त्यसैबेला मलाई पनि एउटा कुकुरले टोकेर झण्डै मारेको भनेर उनि फिलामा भएको एउटा टाटोलाई देखाउदै भन्छन् । यो अझ पनि यसको निशान हटेको छैन तर भाई मैले जिवनमा अझ बेसी दुःख भोग्नु पर्ने रहेछ क्यारे र मेरो आमाको कंगाल भइसकेको शरिर

धेरै मक्की सकेको थिएछ रोगले र पीरले गर्दा र एक दिन मलाई त्यही फोहर नालाहरुमा मलाई राखेर गईन उनी पनि यस संसार देखि यति भनि सकेर उ सुक सुकाउन थाल्छन् । शायद अतितले निकै पोलेछ क्यारे । उसले ढुङग्रोमा रहेको अन्तिम घुडको तान्न थाल्यो र म चुपचाप उसलाई हेरिरहे हेरि रहे ..... । शायद जाँड पनि निखिएछ र त्यसमा भएको कोदोको दानालाई देखाउदै भन्छन् “यस्तै  छ भाई मेरो जिन्दगी कसैले खाई सकेको जा“डको छोक्रा जस्तै अब यसको कुनै मूल्य छैन यसको कसैलाई आवश्यकता छैन र मलाई कमाएर पनि के गर्नु बा“चेर पनि के गर्नु । साच्चै भाई तपाईलाई विश्वास नलाग्ला मैले कसरी विताए होला त्यो बाल्यकालका दिनहरु साथै भनौ भने मलाई पनि थाहा छैन म अहिले बाल्यअवस्था देखि युवा भए तर यूवा खै म बुढो भए भाई म बुढो भए । शायद जाँडले असर पार्न थालेछ । उसलाई र आ“खपनि झिम झिम पार्दै भन्छन् मलाई थाहा छैन तर यति भने थाहा छ एक दिन काम गर्न सकिन र पैसा नभएकोले जा“ड पनि खान पाइन भने त्यस दिन भाई मलाई रातभरि निद्रा लाग्दैन त्यसै रात काटन सकिदैन, रात भरी मुर्छा पर्नुपर्छ त्यसै छटपटिदै र भाई यो यति नखाए सम्म बा“च्नै सारो पर्छ । अनि उ हिस्स हा“सि दिन्छ तर त्यस हा“सोमा हर्ष होइन तर ठूलोबेदना लुकेकोे जस्तो लाग्छ मलाई । यसैले भाइ पैसा कमाएर पनि के गर्नु र मानौं अब त बा“चेर पनि के गर्नु यसैले त यो पैसा यसैमा ठिक हुन्छ ........ । यति भनि सकेर उ त्यसै घोत्लीएर बसि रहनछ शायद मृत्युको प्रतिक्षामा होला शायद जिन्दगी देखि वाक्क लागेर होला । म विस्तारै उठ्छु केही बोल्ने साहस बटल्छु सक्तिन त्यसैले निस्किएर डेरा तर्फ बडछु र रातभरि मलाई पनि निद्रा आउदैन त्यसै रात काट्छु ।

आज विहान उठ्न अबेर भएछ शायद विहान पख निधाई पठाए छु र हतार हतार गरिवरि अफिस तिर हानिन्छु गरौं मन लिएर वजार छेउ मात्र पुगेको हुन्छु मेरो कुनामा थुप्रै कुल्लीहरुको होहल्ला भई रहेको हुन्छ र  एउटा विहारीले भने आफ्नो सामान देखाएर बस स्टयाण्ड सम्म जाने मान्छे डाकि रहेको हुन्छ सबै केटाहरु यतै दगुर्छन र हानाथाप गरेर एउटाले भारि बोक्छ मुस्किलले उ उभिन्छ कारण त्यति सानो केटोले

त्यत्रो ठूलो भारी बोकेको हुन्छ उ पाइला  लरबरउदै त्यस मानिसको पछि पछि लाग्छ म पनि उकालो लाग्छु मन भरि थुप्रै भरियाहरुलाई बोकेर अनि सोच्छु साच्चै त्यो संसारमा कम्ति होलान पेटको  निम्ती आफूलाई छोप्ने भारी बोक्नेहरु अनि मलाई एक प्रकारको ग्लानी लागेर आउछ काश । हामीले ती टुहुरा र गरिब बालकलाई सहायता र सहयोग पु¥याउन सके तर अरु मानिसको जस्तै म पनि केवल एउटा सम्बेदनामा सिमिति हुन पूग्छु र फेरि मेरो मुखबाट यतित्रा निस्कन्छ “काश” ... ।

# ❖ "साहित्य प्रेम"

म उसको नाउसित परिचित भएको धेरै भएको छैन यस्तै तीन चारवर्ष हुनुपर्छ तर भेट भने आज सम्म भएको छैन विभिन्न पत्र पत्रिकातिर उसको नाउ कहिले कविताको दाहिनेतिर त कहिले लेख रचनाका पुच्छरमा भेट्थे । हुन त हाम्रोमा यस्तो नियमित निस्कने साहित्यक पत्रिका पनि कति होलान जम्मै पत्र पत्रिका राजनितिको मुखपत्र मात्र भएर निस्कने गर्छ यसर्थ कहिले काही वर्षदिन सम्म पनि कतै उसको नाउ देख्दिन ।

एकदिन पूस्तक पसलमा नया" पुस्तकहरु निस्किएका छन कि चियो गर्न गएको थिए रातो खोल भएको एउटा अलिक बुझ्ने नसक्ने एब्स्ट्रयाक्ट आर्टको कभर भएको पुस्तकले मेरो ध्यान आकर्षित पा¥यो पसलेलाई मागेर हेरे अनायसै मेरो मुखबाट अस्पष्ट आवाज निस्कियो "ए कविता संग्रह पनि निकाले छ " पसलेले प्रश्न गरयो हजुरले केहि भन्नु भयो, अह मुन्टो हल्लाए किन किन मलाई कविताले कम र त्यसको आवरणले र भूमिकाले निकै प्रभाव पारयो घरमा शब्जी किन्न निस्किएको विर्सिएर कविता संग्रह हल्लाउदै घरतर्फ लागेछु घरमा गाली निकै सुन्नु प¥यो शब्जी नल्याएकोमा तर एक प्रकार खुशि पनि लाग्यो शब्जी नभएकाले धेरैदिन पछि "गुन्द्रक" खाने सुयोग पाए । हालै  सरुवा भएर यस शहरमा आएदेखि घरमा गुन्द्रुक पाक्न छाडेको छ । छिमेकले कुरा गर्छन र गुन्द्रुक गनायो भनेर हिजोआज उ पनि शहरिया भएकी छे गुन्द्रुक खान लजाउछे हामी यस्तै कतिपय कुण्ठा लिएर बाचेका छौ मन पराएको खान लउान र गर्न पनि छिमेकले के भन्छन भनेर आफू भित्र गुुम्साएर राख्ने गर्छौं ।

कवितामा त्यति नौलोपन पाइन प्रायः कविताहरु एउटै विषयबस्तुमा केन्द्रित भएर विभिन्न शैलीले सिंगारिएको रहेछ त्यस मध्ये एउटा कविता "कस्तो विवशता यो ......? निकै रोचक र समसामयिक लाग्यो र यसले केही संदेश बोकेको भान भयो हाम्रो समाज र जातित्वको । मेरो एउटा अनौठो बानी छ कसैले लेखेको कृति पढेर उसको आचरण

दुःख भाव र यावत कुराको विषयमा अडकल लगाउने यसैले म उसको विषयमा अडकल लगाउन थाले शायद बेकारी होला भर्खर अध्ययन सिध्याएको अविवाहित हुनुपर्छ धेरै मिलनसार र समाज प्रति धेरै रुचि र चाख लिएर यसको उत्थानमा स्वयमलाई समर्पण गर्ने मनोवृति हुनुपर्छ फेरि सोचे यि सब नुहुन पनि सक्छ ।

र मन अन्यत्रै केन्द्रित पार्न खोजे कारण म उसको प्रसंसक पनि त हैन मेरो कुनै लेखक लेखिका त्यस्तो छैन जसको किताब नपढी शान्ती नपाउने म यस मामलामा स्वतन्त्र छु फर्सदको वेलामा यसो जुन किताब मलाई मनपर्छ त्यही ल्याएर पढ्ने गर्छु भनांै यस क्षेत्रमा म स्वातन्त्र छु कारण आफ्नो व्यस्त जिवनमा यो मात्र एक मनोरन्जनको साधन ठानेको छु । अफिसबाट फर्कदै थिए बाटोमै एउटा भाइले रोक्यो र एउटा पत्रिका किन्ने आग्रह गर्न थाल्यो आग्रह भन्दा पनि उसले निकै लामो गन्थन सुनायो थाकेर आएको उसको लामो गन्थन सुन्ने सार्मथ्य ममा थिएन र नचाहादा पनि किताब लिएर पैसा हातमा थमाई दिइ अघि बडे जर्बजस्ती थोपारिएको कुनै पनि चिजको मलाई आकर्षित पार्न सक्दैन चाहे त्यो जति सकै राम्रो किन नहोस । त्यसैले होला आज एक सप्ताह भई सक्यो मेरो टेबलमा निधाई रहेको छ मेरै प्रतिक्षामा । अनायासै जव मेरो ध्यान त्यस कितावमा पर्यो मेरो मन हर्षले पफुलित भयो किनकी त्यहा त हमीले धेरै अघि खोलेको सस्थाको नाउ थियो यहा सम्मकी हामीले आफनो गाउमा भानुजयन्ति देवकोटा जयन्ति लगायत विभिन्न सांस्कृति कार्यक्रम गरेको थियौं यो संस्थानमा तर आज फेरि त्यही संघ देख्दा हर्षको सिमा रहेन र अनायसै धन्यवाद दिन पुगे त्यही साहित्यकारलाई कारण उ सिवाय अरु कस्ले फेरि पुनर्रस्थापना गर्न सक्छ यहा,

तर क्षणभरमै मेरो भ्रम टुटयो जब मलाई ज्ञात भयोकि यो त त्यहाका अन्ययुवाहरुले खोलेका रहेछन र त्यहाका युवाहरुलाई यस विषयमा सोधे तर अफसोच त्यहा उहा हुनुहुदोरहेन छ यहा सम्मकि उहालाई यस संस्थाको सभापति वा संरक्षकमा बस्नुभन्दा पनि आफनै कार्य व्यस्तता देखाएर उम्कनुभएछ वहाले यी सब कामकालागी समय दिन नसक्ने रे कारण वहा व्यस्त हुनुहुन्छरे जील्लाका कार्यक्रमहरु प्रेष,

साहित्यिक गोष्ठिहरुमा ,तब मैले सोधे के वहाले भाइहरुलाई सहयोग गरेनन यहाका समाजाई जन चेतना दिने काम गरेनन तब तिनीहरु एक स्वरमा बोल्छन खै दाई सर त स्कूलपनि कहिले काहि मात्र आउनुहुन्छ जहिले पनि सहर कहिले साहित्य गोष्ठी र कहिले विमोचन कार्यक्रम रे यस्तै के के हो के के यहासम्म कि हामीले यस संघको तर्फबाट यसपाली दशैंमा पहिला हजुरहरुले गरेको जस्तै कार्यक्रम गर्नुपर्छ सहयोग गर्नुहोस भनेका थियौं मान्नु भएन भ्याउनु  हुन्न रे यहा सम्म कि वहालाई प्रमुख अतिथि बनाउछौं भन्दा पनि बस्नु भ्याउदिन भन्नु भयो, अर्काेले विचमै कुरा थप्छ, सर वहालाई त यहाको कार्यक्रममा बस्दा उसको स्तर घट्छ रे उ स्थापित साहित्यकार रे उसको जिल्लामा विभिन्न कार्यहरु समाल्नु पर्छ रे र यो गाउले कार्यक्रममा समय दिन सक्नु हुन्न रे ।

अनायसै मेरो उ प्रतिको संम्पूर्ण सम्मान श्रदा एकै चोटी चकनाचुर भयो मैले सोचेको थिए हामीले गर्न नसककोका अधुरा कार्यहरु वहाले पूर्ण गर्नुहुन्छ भनेर तर आज वहा त आफ्नै नाउ र अस्तित्वको निम्ति साहित्य सेवा गर्नु हुदोरहेछ । पछि थाहा भयो वहा पार्टीको कार्यकर्ता पनि हुनुहुदोरहेछ तब लाग्यो सायद उसको आफ्नो स्वार्थको निम्ति हुनुपर्छ कारण पार्टी र मन्त्रालय धाएर विभिन्न पुस्तक प्रकाशन जो गर्न पाउनु हुने छ । बल्ल थाहा भयो वहाको वास्तविकता र लगातार उसको सम्पादन र नाउ लिएर जन्मिएका थुप्रै पत्र – पत्रिकाहरु तब भने म अवाक बने वहाको साहित्य प्रेम प्रति र परे आफ्नै भ्रमजाल भित्र कहिले आफूलाई मुक्त गराउन नसक्ने स्थितिमा ।